# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ३४९ | काठमाडौं | सोमबार, ०१ वैशाख २०८२ | Prabhab National Daily | Monday, April 14, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




**स्वदेशी मौलिक उत्पादनको प्रवर्द्धन गरौं**

- हाम्रो मौलिक उत्पादन पहिचानमात्र होईन आय-आर्जनको स्रोत पनि हो,
- घरेलु र परम्परागत सीपमा आधारित उत्पादनको अभिबृद्धि गर्दै स्वावलम्बी र स्वरोजगार बनौं,
- स्थानीय सीप, क्षमता र कच्चा पदार्थको उपयोग गरौं,
- हस्तकला लगायतका व्यवसाय सानो पूर्जीमा पनि थालनी गर्न सकिन्छ,
- स्वदेशी उत्पादनबाट आत्मनिर्भर बनौं,
- आयातित वस्तुको सट्टा स्वदेशी उत्पादनलाई प्रोत्साहन गरौं,

अर्थतन्त्रमा योगदान गरौं, मुलुकलाई समृद्ध बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड







वर्ष २०८१ मा नेपाली राजनीति

# सत्ताको दाउपेच : विपक्षी गलाएको वर्ष

■ प्रभाव संवाददाता

**काठमाडौं**– अस्थिर राजनीतिका कारण नेपालमा हरेक वर्ष नयाँ सरकार बन्छ । यो वर्ष पनि सरकारको नेतृत्व फेरियो । २०८१ असारमा नेकपा माओवादी केन्द्र र नेकपा एमालेको गठबन्धन सरकारको नेतृत्व गरिरहेको प्रधानमन्त्री पुष्पकमल दाहालले प्रधानमन्त्री पद त्याग्नुपर्‍यो । त्यसपछि संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको सहयोगमा दोस्रो ठूलो दल एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बने ।

ओली अहिले पनि प्रधानमन्त्री छन् । यद्यपि ओली सरकार बनेकै दिनदेखि विपक्षी दल माओवादी केन्द्रका अध्यक्ष दाहालले दिनहुँजसो 'यो यसकार ढल्छ' भन्दै आए । ओलीले पनि 'यो सरकार ढल्दै ढल्दैन' भन्दै अड्डी कस्दै अहिलेसम्म आफ्नो सत्ता टिकाइरहेका छन् । यद्यपि उनीमाथि कहिले राजावादीले त कहिले मधेसवादी दलले पनि चेतावनीपूर्वक धम्की दिइरहेका छन् ।

वर्ष २०८१ मा भएका रोचक राजनीतिक घटनाक्रम यसप्रकार छन्:

प्रधानमन्त्री ओलीको प्रवृत्ति देखेर समाजदेखि सामाजिक सञ्जालसम्म उनीमाथि आक्रोश पोख्नेहरू पनि उत्तिकै देखिन्छ । तर हरेकपटक आफू कमजोर हुने स्थितिमा पुगेपछि ओलीले अनेक तिकडम रचे र विपक्षीलाई कमजोर बनाउन सफल भए यो वर्ष ।

- माओवादी कमजोर बनाएर सत्तामा फेरबदल
- जसपालाई धोका नै धोका
- रवि लामिछाने पटक-पटक थुनामा
- राजावादीलाई कमजोर बनाउँदै सरकार

### माओवादी कमजोर बनाएर सत्तामा फेरबदल

वर्षको सुरुआतमा एमाले र माओवादी केन्द्र नेतृत्वको सरकार थियो । प्रधानमन्त्री थिए माओवादी अध्यक्ष दाहाल । तर जब जेठ ७ गते दाहाललाई प्रतिनिधिसभाबाट चौथोपटक विश्वासको मत प्राप्त भयो । त्यसपछि राजनीतिक घटनाक्रम एकाएक परिवर्तनको दिशामा गयो । असार १९ गते सत्ता गठबन्धनको सबैभन्दा ठूलो दल नेकपा एमालेले प्रधानमन्त्री दाहाल नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लियो । त्यसपछि दाहाल आफ्नो पद जोगाउन कांग्रेस सभापति शेरबहादुर देउवाको खोजीमा रन्थनिए । जुन समयसम्म एमालेले कांग्रेसलाई एक किसिमले विश्वस्त बनाइसकेको थियो । जसकारण असार २८ गते दाहाल प्रधानमन्त्रीबाट पदमुक्त भए ।

योसँगै कांग्रेसको समर्थनमा असार ३० गते एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्रीमा नियुक्त भए । दुनियाँमा शक्तिशाली पहिलो र दोस्रो दल मिलेर सरकार बनाएको सायदै घटना हुन्छ । माओवादीलाई धेरै वर्षपछि प्रतिपक्षमा राखेर प्रधानमन्त्री ओली कांग्रेसलाई समेत मनाएर आफू सत्तामा बसिरहन सफल भएका छन् ।

साउन ६ गते नै प्रधानमन्त्रीमा ओलीले प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गरे । ओली प्रधानमन्त्री बनेयता दाहालले पटक-पटक सरकार ढल्ने भविष्यवाणी गरे पनि त्यो पूरा भने भएन ।

### रवि लामिछाने पटक-पटक थुनामा

चौथो दल भए पनि सरकारको प्रमुख प्रतिपक्षमै हेरिन्छ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई । रास्वपाका सभापति तथा पूर्वगृहमन्त्री हुन् रवि लामिछाने । उनै लामिछाने सहकारीको रकम अपचलन गरेको अभियोगमा गत वर्ष पटक-पटक थुनामा जानुपर्‍यो । अहिले रूपन्देही जिल्ला कारागार भैरहवामा पुर्पक्षमा रहेका उनलाई २२ चैतको राति प्रहरीले काठमाडौंबाट पक्राउ गरेको थियो ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# वर्ष २०८१ मा वैदेशिक रोजगार

- गत वर्ष सात लाख २५ हजारभन्दा बढी श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा
- २०८१ वैशाख-फागुनसम्मको अवधिमा भित्रियो १४ खर्ब १४ अर्ब ४७ करोड रेमिट्यान्स
- श्रममन्त्री फेरिएसँगै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नीतिमा पनि अस्थिरता

■ ममता थापा

**काठमाडौं**– २०८१ साल वैदेशिक रोजगार क्षेत्रका लागि औसत रह्यो। यद्यपि, वैदेशिक रोजगारीबाटै भित्रिएको रेमिटयान्सले भने संकटमा रहेको अर्थतन्त्रलाई दरिलो टेको दिएको छ । युवाहरू वैदेशिक रोजगारीमा जाने संख्या पनि उच्च रह्यो ।

वैदेशिक रोजगार विभागका अनुसार गत वर्ष सात लाख २५ हजारभन्दा बढी श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका छन् । गत फागुनसम्मको अवधिमा मुलुकमा १४ खर्ब १४ अर्ब ४७ करोड रूपैयाँ रेमिटयान्स भित्रिएको नेपाल राष्ट्र बैंकको तथ्यांक छ । वर्षको अन्तिम महिना चैतको भने तथ्यांक आउन बाँकी छ ।

नीतिगत सुधारका क्षेत्रमा भने यो वर्ष खास उपलब्धि हुन सकेन । यही वर्ष सरकार परिवर्तन हुँदा श्रममन्त्री पनि फेरिए । जसको कारण पूर्वमन्त्रीले ल्याएका नीतिहरू नयाँ मन्त्रीले फेरबदल गरिदिएका छन् । सरकार परिवर्तनको असर वैदेशिक रोजगार क्षेत्रमा पनि देखिएको हो ।

### यी हुन् वर्ष २०८१ मा वैदेशिक रोजगार क्षेत्रमा भएका प्रमुख घटना

**वैशाख ६:** तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालद्वारा उनीअघिका श्रममन्त्री शरतसिंह भण्डारीले गरेका विवादास्पद निर्णयहरू खारेज । अर्यालले २०८० असोज ७ गते गरिएको पूर्वप्रस्थान अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि २०७६ को पहिलो संशोधन खारेज गरेसँगै भण्डारीले दुई हजार ८०० रूपैयाँ तोकेको अभिमुखीकरण तालिमको शुल्क ७०० रूपैयाँ नै कायम । त्यस्तै श्रमिकहरूका लागि अंग्रेजी भाषा अनिवार्य र मागपत्रसम्बन्धी कार्यविधि पनि खारेज ।

**वैशाख १२:** नेपाल भ्रमणमा आएका कतारका अमिर शेख तमिम विन हमाद अल थानी श्रम सम्झौता नगरी स्वदेश फिर्ता

**वैशाख १९:** तत्कालीन श्रममन्त्री अर्यालद्वारा श्रम तथा रोजगारसँग सम्बन्धित 'श्रमाधान' योजनाको घोषणा ।

**जेठ १५:** आर्थिक वर्ष २०८१/८२ को बजेटमा वैदेशिक रोजगार क्षेत्रलाई विशेष सम्बोधन, वैदेशिक रोजगारबाट फर्किएका एक लाख जनालाई स्वरोजगार बनाउने महत्त्वाकांक्षी योजना घोषणा । वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका व्यक्तिलाई बैंक खातामा विप्रेषण पठाउने सुनिश्चितताका आधारमा विनाधितो ऋण उपलब्ध गराइने, थप तीन प्रमुख गन्तव्य मुलुकसँग द्विपक्षीय श्रम सम्झौता गर्ने, अभिमुखीकरण तालिमलाई क्रमशः निःशुल्क गर्ने व्यवस्था मिलाइनेलगायत बुँदा बजेटमा समावेश ।

**जेठ १७:** 'श्रमाधान रोजगार मेलाखअखख' विराटनगरबाट सुरु । सातवटै प्रदेशमा ३० गतेसम्म मेला सञ्चालन ।

क्रमशः पृष्ठ २ मा

## नवनिर्वाचित कार्यसमितिलाई एकता समितिको बधाई



**काठमाडौं (प्रस)**– नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समितिले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नवनिर्वाचित कार्यसमितिलाई बधाई ज्ञापन गरेको छ । समितिले आइतबार सामाखुसीमा बधाई तथा शुभकामना कार्यक्रम आयोजना गरी बधाई दिएको हो ।

समितिका अध्यक्ष हरीबहादुर पाण्डेले नवनिर्वाचित कार्यसमितिलाई बधाई दिँदै व्यवसायीको हितमा काम गर्ने अपेक्षा व्यक्त गरे । व्यवसायीका समस्याहरूलाई कसरी समाधानमा लैजानका लागि नयाँ कार्यसमितिसँग सहकार्य गर्न तयार रहेको उनले बताए ।

नवनिर्वाचित अध्यक्ष भुवनसिंह गुरुङले चुनावी प्रतिबद्धताअनुसार काम गर्ने बताए । उनले भने, 'म बोल्ने होइन, अब गरेर देखाउँछु । काम गर्ने ठाउँमा पुगेको छु । वार्षिक कार्यपात्रो बनाएर काम गर्ने योजना छ ।' वैदेशिक रोजगार क्षेत्रलाई मर्यादित बनाएर अगाडि बढाउन संघले काम गर्ने उनले बताए ।

नवनिर्वाचित महासचिव महेशकुमार बस्नेतले व्यवसायीको हितका लागि इमानदारपूर्वक काम गर्ने प्रतिबद्धता जनाए । संघको चैत २९ गने सम्पन्न साधारणसभाबाट गुरुङको नेतृत्वमा नयाँ कार्यसमिति निर्वाचित भएको हो ।



हार्दिक बधाई
तथा
शुभकामना

नव वर्ष २०८२ सालको उपलक्ष्यमा आम आमा-बुबा, दाजु-भाइ, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु-स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

INTREPID

श्रवण कुमार दाहाल
अध्यक्ष
तथा
इन्टरपिड रिक्रुटमेण्ट सर्भिसेज प्रा. लि.
सिनामंगल, काठमाडौं
फोन नं. ०१-४५६०५३०/५३१





पृष्ठ १ बाट क्रमशः

## सत्ताको दाउपेच...

यसअघि सहकारी ठगी प्रकरणमा कास्कीको सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थामा बचत अपचलन गरेको आरोपमा उनी २ कात्तिकमा काठमाडौंबाट पक्राउ परेका थिए । त्यसपछि पुस ८ गते लामिछानेको प्रतिनिधिसभा सदस्य पद निलम्बनमा पर्‍यो । कास्की हिरासतमा हुँदा नै उनले बुटवलको सुप्रिम सहकारी ठगी प्रकरणमा रूपन्देही जिल्लामा बयान दिएका थिए ।

कास्की जिल्ला अदालतबाट धरौटीमा छुटेपछि काठमाडौंको स्वर्णलक्ष्मी सहकारी ठगी प्रकरणमा आफैं अदालतमा उपस्थित भएका थिए । काठमाडौं जिल्ला अदालतले पनि लामिछानेलाई धरौटीमा छोड्न आदेश दिएको थियो । रूपन्देहीले पनि धरौटीमा रिहा गर्न आदेश दिएको थियो । तर, जिल्लाको आदेश उच्चले उल्टचाइदिएपछि अहिले कारागारमा छन् ।

### जसपालाई धोका नै धोका

वर्ष २०८१ मा उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी, नेपाल विभाजन भयो । सत्तामै भएको बेला सातजना सांसदसहित केन्द्रीय सदस्यको हस्ताक्षर लिएर अशोक राईले पार्टी विभाजन गरेका थिए । १२ जना सांसद रहेकोमा सात जनाको हस्ताक्षर पार्टी विभाजनको पक्षमा उभिएर पार्टीको आधिकारिकता माग गरिएको थियो । जतिबेलो यादव भने अमेरिका भ्रमण गर्दै थिए ।

अशोक राई, सुशीला श्रेष्ठ, प्रदीप यादव, रञ्जु ठाकुर, हसिना खातुन, वीरेन्द्र महतो र नवलकिशोर साह सुडी मिलेर पार्टी विभाजन गरिएको थियो । त्यसपछि दाहाल नेतृत्वको सरकारमा समाजवादी पार्टीसमेत सहभागी भएको थियो । पछि जसपालाई एमाले अध्यक्ष एवं प्रधानमन्त्री ओलीले मधेस प्रदेशका मुख्यमन्त्री र संघमा केही मन्त्री दिने वाचासहित अध्यादेशमा हस्ताक्षर गर्न राजी गराए । ओली सरकारले ल्याएको पाँचवटा अध्यादेश पारित भइसके पनि जसपाले सत्ताको कुनै भाग पाएको छैन ।

### राजावादीलाई कमजोर बनाउने प्रयास

वर्षको अन्त्यतिर पूर्वराजा ज्ञानेन्द्र शाहले व्यवस्थाविरुद्ध आन्दोलन र धावा बोल्ने प्रयास गरे । फागुन २५ गते पोखराबाट आउँदा शक्ति प्रदर्शन गरेका ज्ञानेन्द्रको पक्षमा ठूलै समूह देखियो । सायद यही देखेर होला, राजावादीले चैत १५ गते काठमाडौंको तीनकुनेमा प्रदर्शन गर्‍यो ।

तर उक्त प्रदर्शन यस्तो हिंसात्मक बन्यो कि राजावादीका लागि थप प्रदर्शन गर्ने बल नै मिलेन । पूर्वराजा शाहको समर्थनमा काठमाडौंको तीनकुनेमा भएको प्रदर्शनमा पत्रकार सुरेश रजक र एक प्रदर्शनकारी रविन महर्जनको मृत्यु भयो भने सार्वजनिक तथा निजी सम्पत्तिमाथि आगजनी र तोडफोडसमेत भयो । उक्त प्रदर्शनपछि फरार भएका दुर्गा प्रसाईंलाई प्रहरीले नियन्त्रणमा लिइसकेको छ । यही घटनामा दोषी करार गर्दै राष्ट्रिय प्रजातन्त्र पार्टीका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री धवलशमशेर जबरा पनि थुनामा पुगेका छन् । यही घटनाका कारण प्रदर्शनका लागि राजावादीले कुनै बाहना पाएका छैनन् ।

यतिमात्र हैन, सरकारले अहिले कर्मचारीको तलब रोकेको निहु पारी काठमाडौं महानगरका मेयर बालेन्द्र साहलाई निकै कमजोर बनाएका छन् । यतिमात्र हैन ऊर्जामन्त्री दीपक खड्कालाई प्रयोग गरेर सरकारले कुलमान घिसिङसमेत हटाउन सफल भए । पछिल्ला दिनहरूमा सरकार आफूविरोधी स्वर दबाउन एकप्रकारले सफल भएको देखिन्छ । जबकि सदन र मिनि सदनको रूपमा हेरिने संसदीय समितिसमेत बलियो सरकारको कारण भुत्ते भएको देखिन्छ ।

■■■

## वर्ष २०८१ मा...

**जेठ २४:** तत्कालीन परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठद्वारा अनलाइनबाटै वैदेशिक रोजगारसम्बन्धी मागपत्र प्रमाणीकरण कार्यको शुभारम्भ ।

**जेठ ३०:** नेपाल अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)को 'गभर्निङ बडी'मा सर्वसम्मतिले निर्वाचित ।

**असार ११:** युद्धका कारण जान रोक लगाइएको इजरायलमा ८०० नेपाली कामदारको आवेदन माग ।

**असार १६:** वैदेशिक रोजगारीबाट फर्केर मुलुकमा नै उद्यम गरिरहेका आठ उत्कृष्ट उद्यमीलाई श्रम मन्त्रालयद्वारा पुरस्कार प्रदान ।

**असार ३१:** चार महिनापछि श्रममन्त्रीमा शरतसिंह भण्डारीको पुनरागमन ।

**साउन ७:** नेपाली श्रमिकको कोटा बढाउन इजरायल सहमत, श्रममन्त्री भण्डारी र नेपालका लागि इजरायली राजदूत हनान गोदारले गरेको शिष्टाचार भेटमा संख्या वृद्धिको सहमति ।

**असार ११:** वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिनेहरूले बैंक खातामा विप्रेषण पठाए विनाधितो ऋण उपलब्ध गराउने नेपाल राष्ट्र बैंकको घोषणा ।

**असार २७:** वैदेशिक रोजगारविज्ञ डा. गणेश गुरुङ नेतृत्वको कार्यदलले 'श्रम आप्रवासन नीति, २०८१' सरकारलाई बुझाउँदै दक्ष कामदार निःशुल्क वैदेशिक रोजगारमा पठाउनुपर्ने नीति बनाउन सिफारिस ।

**असार ३२:** वार्षिक १०० जना कामदार वैदेशिक रोजगारमा पठाउन नसकेका म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण, मन्त्रिपरिषद् बैठकद्वारा त्यस्ता म्यानपावरहरूको इजाजतपत्र नवीकरण गर्न वैदेशिक रोजगार ऐन, २०६४ को दफा ८२ अनुसार बाधा अड्काउ फुकाउ आदेश जारी ।

**भदौ २:** वैदेशिक रोजगार विभागको महानिर्देशक फेरिए, डण्डुराज घिमिरेलाई हटाएर सूर्यबहादुर खत्रीलाई जिम्मेवारी ।

**भदौ १३:** डा. दीपेन्द्ररमण सिंहको संयोजकत्वमा वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण मापदण्डबारे अध्ययन गर्न कार्यदल गठन ।

**कात्तिक २:** वैदेशिकर रोजगारीमा रहेका योगदानकर्ताका आश्रित परिवारको उपचार खर्च पनि बेहोर्ने सामाजिक सुरक्षा कोषको घोषणा । औषधि उपचार स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना अन्तर्गत सुविधा थप ।

**कात्तिक ३ :** मलेसियामा कामदारको न्यूनतम तलब वृद्धि, न्यूनतम तलब प्रतिमहिना १५०० बाट बढाएर १७०० मलेसियन रिगिंट पुयाउने घोषणा ।

**कात्तिक ८:** वैदेशिक रोजगारीका क्रममा मृत्यु भएकाको परिवारलाई दिइने क्षतिपूर्तिको रकम सात लाखबाट बढाएर १० लाख रूपैयाँ दिन सुरु

**कात्तिक १४:** वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक डा. द्वारिकाप्रसाद उप्रेतीलाई पदबाट नहटाउन सर्वोच्च अदालतको अन्तरिम आदेश । उप्रेतीमाथि डेनमार्कका लागि अवैतनिक श्रम दूत बनाइदिने भन्दै एक व्यक्तिबाट २० लाख रूपैयाँ घूस लिएको उजुरी परेको थियो ।

**कात्तिक २२:** वैदेशिक रोजगारमा जाने विपन्न अवस्थाका कामदारहरूले अत्यन्त महँगोमा हवाई टिकट खरिद गर्नुपरेको भन्दै वैदेशिक रोजगार व्यवसायी संघद्वारा श्रममन्त्री भण्डारीको ध्यानाकर्षण ।

**पुस ३:** वैदेशिक रोजगार विभागद्वारा वैदेशिक रोजगारीमा जानुपूर्व दिइने अभिमुखीकरण तालिमका लागि 'फेसटाइम एटेन्डेन्स एण्ड आइरिस रिकोग्नेसन' प्रणाली लागू ।

**पुस १७:** इजरायलको दीर्घकालीन स्याहार केन्द्रमा जान छनोट भएका नेपाली सहायक कामदारको स्वास्थ्य परीक्षण सुरु ।

**माघ १:** वैदेशिक रोजगारीमा जाने कामदारलाई देशगत समूहमा अभिमुखीकरण तालिम गराउन सुरु ।

**माघ १:** एक्जिट वा पुनः प्रवेश भिसा लिएका तर म्याद सकिनुअघि फर्कन नसकेका विदेशी कामदारमाथि लगाइएको तीन वर्षको प्रतिबन्ध साउदी सरकारद्वारा खारेज ।

**माघ ८ र ९ :** वैदेशिक रोजगार बोर्डद्वारा म्यानपावर कम्पनीहरूका लागि इथिकल रिक्रुटमेन्ट र कानुनी व्यवस्थाबारे तालिम सञ्चालन ।

**माघ २७:** नेपाल वैदेशिक रोजगार व्यवसायी संघद्वारा २०८१ फागुन २ गतेका लागि तोकिएको निर्वाचन असार १७ गतेका लागि सारियो ।

**फागुन १:** संयुक्त अरब इमिरेट्स (युएई)बाट पनि श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था, श्रममन्त्री भण्डारीद्वारा सेवाको शुभारम्भ ।

**फागुन २:** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनसहितको साधारणसभा हुनुपर्ने माग गर्दै नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार एसोसिएसनसहित वैदेशिक रोजगार क्षेत्रका ८ संस्थाद्वारा जिल्ला प्रशासन कार्यालयमा निवेदन ।

**फागुन ६ :** इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा केयरगिभरमा छनोट भएका एक हजारमध्ये १३ जना इजरायल प्रस्थान ।

**फागुन २०:** वैदेशिक रोजगार व्यवसायी संघद्वारा चैत २९ निर्वाचनसहितको साधारणसभाको मिति सार्वजनिक ।

**फागुन २७:** श्रम मन्त्रालयद्वारा पाँचौं 'राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन-२०८१' आयोजना, प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा सन् २०२५-३५ लाई 'रोजगारी प्रवर्द्धन दशक' घोषणा, श्रम मन्त्रालय र निजी क्षेत्रबीच रोजगार सिर्जना र तालिम प्रदानका लागि १० वटा समझदारीपत्रमा हस्ताक्षर, १६ बुँदे घोषणापत्र जारी

**फागुन ३०:** शिक्षा मन्त्रालयलद्वारा शैक्षिक परामर्शदाताको सेवा दिन स्थापना भएका कन्सल्टेन्सीहरूलाई वैदेशिक रोजगारीका कुनै पनि काम नगर्न निर्देशन ।

**चैत २९:** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको ३०औं र ३१औं साधारणसभा तथा निर्वाचन

**चैत ३०:** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनबाट भुवनसिंह गुरुङको नेतृत्वमा नयाँ कार्यसमिति चयन

## मानव बेचबिखनका पीडितको न्यायमा पहुँचको सुनिश्चितता माग

**काठमाडौं (प्रस)–** 'मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक' मा मानव बेचबिखनको परिभाषा स्पष्ट हुनेगरी लेख्न सरोकारवालाले सुझाव दिएका छन् । महिला, कानुन र विकास मञ्चले यहाँ आइतबार आयोजना गरेको 'मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक' माथिको छलफलको क्रममा सरोकारवालाले मानव बेचबिखनको सवालमा कडा सजायको व्यवस्था गर्नुपर्ने सुझाव दिएका हुन् ।

पीडित तथा प्रभावितको उद्धार तथा पुनःस्थापनालाई कानुनी रूपमै प्रस्ट पार्नुपर्ने सरोकारवालाको भनाइ छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा प्रमुख मीना पौडेलले विभिन्न बाहानामा हुने मानव बेचबिखनको अन्त्य हुने गरी विधेयक तयार गरिएको जानकारी दिइन् । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर शाह सुडीले चैत ११ गते 'मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक' प्रतिनिधिसभामा दर्ता गराएका छन् ।

### काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०१/०१**

यस सामुदायिक वन उपभोक्ता समूह, बुद्धभुमि न.पा-१, कपिलवस्तुको वन क्षेत्रबाट डिभिजन वन कार्यालय, कपिलवस्तुको संकलन सहमति अनुसार आ.व. २०८१/०८२ मा संकलन गरी उत्पादन भएका काठरदाउरा मध्ये सा.व.उ.स.को घाटगद्दीमा विभिन्न लटहरू बनाई राखिएको साल, असना तथा अन्य जातको जम्मा ८३९६.२८ क्यु.फि. काठ र साल जातको दाउरा २४ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । रितपुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा) संचालनमा रहेका उद्योगहरूले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन सम्ममा बोल पत्र खरिद गरि २२ औं दिन भित्रमा प्रत्येक लटको छुट्टा छुटै सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा अनुरोध छ ।

**श्री राजकुँडा सामुदायिक वन उपभोक्ता समूह,**
**बुद्धभूमी न.पा १ , कपिलवस्तु**

### कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **N.B. International Menpower Pvt. Ltd.** इजाजत नम्बर ४०२/०६१/०६२ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम थर | पद |
|---|---|---|
| १ | राम राजा अधिकारी | सञ्चालक |
| २ | प्रकास गौतम | सञ्चालक |
| ३ | सुनिल कुमार बसेल | कर्मचारी |
| ४ | सिता कुमारी राई | कर्मचारी |
| ५ | साजन प्रधान | कर्मचारी |

**N.B. INTERNATIONAL MENPOWER Pvt. Ltd.** LIC 402/060/61
Bhimsengola-9, Sinamangal, Kathmandu Nepal, Contact: 9851023100, 9851022122,
Email: n.bintarnationalmanpowerpvt.ltd@gmail.com, fishtaillopt@gmail.ccom, Web: nbinternationalmanpower.com.np

### नेपाल सरकार
### भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
### भुमि व्यवस्थापन तथा अभिलेख विभाग
### भुमि सुधार तथा मालपोत कार्यालय

**३५ दिने सार्वजनिक सूचना**

प्रकाशित मितिः २०८२/०१/०१

जि. सर्लाही साविक गा.वि.स. अत्रौली वार्ड नं. ९ हाल हरिवन न.पा. वार्ड नं. २ मा बस्ने पराले माझी र अनुप तत्मा नाऊँको हकदावी गर्न आउने वारेको सूचना । उपरोक्त सम्बन्धमा जि. सर्लाही साविक गा.वि.स. अत्रौली वार्ड नं. ९ हाल हरिवन न.पा. वार्ड नं. २ मा बस्न वस्ने फुल कुमारी तमाङ्ग को नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गाको मोही महलमा जि. सर्लाही साविक गा.वि.स. अत्रौली वार्ड नं. ९ हाल हरिवन न.पा. वार्ड नं. २ मा बस्ने पराले माझी र अनुप तत्मा को नाम उल्लेख रहेकोमा जग्गा धनीको घरबारीको मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा कार्यालयबाट मिति २०८१/१२/१५ गतेमा भएको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद वाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने यसै सूचनाद्वारा जानकारी गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

**तपसिलः–**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | ज.वि. | ज.ध | मोही |
|---|---|---|---|---|---|---|
| सर्लाही | अत्रौली | ९ | १३० | ०-०-३ | फुल कुमारी तामाङ्ग | पराले माझी |
| सर्लाही | अत्रौली | ९ | १३१ | ०-०-५ | फुल कुमारी तामाङ्ग | अनुप तत्मा |

### विशेष साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०१/०१

आदरणिय शेयरधनी महानुभावहरु,

मुक्तिनाथ कृषि कम्पनी लि.को सहायक कम्पनीको रुपमा दर्ता भएको मुक्तिनाथ फुड बैंक लि. को मिति २०८१ चैत्र २७ गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८२ बैशाख १७ गते, (तदनुसार ३० अप्रिल, २०२५)
**समय :** बिहान ७:३० बजे
**स्थान :** मुक्तिनाथ कृषि कम्पनीको कार्यालय, बसुन्धरा, काठमाडौं ।
**सम्पर्क :** ९८०२३५०१००

**छलफलका विषयहरु :**

**(क) विशेष प्रश्तावहरुः**

१. कम्पनीको अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजी वृद्धि गर्ने प्रस्ताव पारित गर्ने ।
२. यस कम्पनीको हाल कायम चुक्ता पूँजीको १ शेयर बराबर २४ कित्ता हकप्रद शेयर निष्काशन गर्ने ।
३. कम्पनीको प्रबन्धपत्र र नियमावलीको प्रश्तावित बुँदाहरुमा संसोधन गर्ने ।
४. प्रबन्धपत्र र नियमावलीको बुँदाहरुमा हुने संसोधनमा नियामक निकायबाट आवश्यक हेरफेर/संसोधनको लागि सुझाव प्राप्त भएमा सोहि बमोजिम संसोधन गर्न संचालक समितिलाई अख्तियारी दिने ।

**(ख) विविध ।**

**आज्ञाले,**
**मोहन कुमार बस्नेत**
**संचालक**

**मुक्तिनाथ फुड बैंक लि.**
**MUKTINATH FOOD BANK LTD.**
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५००९७
**इमेलः** info@muktinathkrishi.com
**वेबसाइटः** www.muktinathkrishi.com
"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**सोमबार, ०१ वैशाख, २०८२**

| | |
|---|---|
| **मेष** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **वृष** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **मिथुन** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **कर्कट** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| **सिंह** | रोकिएका काम सम्पादन हुनेछ । |
| **कन्या** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **तुला** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **वृश्चिक** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **धनु** | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **मकर** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **कुम्भ** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| **मीन** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१ वैशाख, २०८२ (१४, अप्रिल २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.४६ | १३७.०६ |
| युरो | १ को | १४७.२१ | १४७.८५ |
| पाउन्ड स्टिर्लङ | १ को | १७६.१० | १७६.८८ |
| स्विस फ्रेन्क | १ को | १५४.५९ | १५५.२७ |
| अस्ट्रेलियन डलर | १ को | ८५.२४ | ८५.६१ |
| क्यानाडियन डलर | १ को | ९४.७७ | ९५.१८ |
| सिङ्गापुर डलर | १ को | १०१.५७ | १०२.०१ |
| जापानी येन | १० को | ९.१४ | ९.१८ |
| चिनियाँ युआन | १ को | १८.७७ | १८.८५ |
| साउदी अरब रियाल | १ को | ३६.३८ | ३६.५४ |
| कतारी रियाल | १ को | ३७.४४ | ३७.६० |
| थाई भाट | १ को | ४.०० | ४.०१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.१५ | ३७.३२ |
| मलेसियन रिङेट | १ को | ३०.७५ | ३०.८९ |
| दक्षिण कोरियन वन | १०० को | ९.२६ | ९.३० |
| स्विडिस क्रोनर | १ को | १३.६१ | १३.६७ |
| डेनिस क्रोनर | १ को | १९.७३ | १९.८२ |
| हङकङ डलर | १ को | १७.५४ | १७.६२ |
| कुवेती दिनार | १ को | ४४२.५६ | ४४४.५१ |
| बहराइन दिनार | १ को | ३६१.९९ | ३६३.५८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरुले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# जिब्रो छेड्ने जात्राः हात नभएको लिंगो उठाइयो

**भक्तपुर (प्रस)**– भक्तपुरमा आठ रात नौ दिनसम्म चल्ने बिस्केट जात्राको अवसरमा आइतबार बिहान ११ बजे भक्तपुरको पोटरीस्क्वायरस्थित कुमाले टोलमा हात नभएको लिंगो उठाइएको छ । प्रत्येक वर्ष चैत मसान्तका दिन स्थानीय भक्तपुरको कुमाले टोलमा बिहानै उठाइने हात नभएको लिंगो आइतबार विधिपूर्वक पूजा गरी उठाइएको हो ।

बिस्केटजात्राको अवसरमा हरेक वर्ष चैत मसान्तको दिन उठाइएको हात नभएको लिंगो जात्राको अन्तिम दिन वैशाख ५ गते बिहान ढाल्ने गरिन्छ । कुमाले टोलमा बिहान लिंगो उठाएपछि दिउँसो भैरव र भद्रकालीको पूजा गरी रथलाई साँझ भेलुखेलमा हातसहितको नाग-नागिनीको प्रतीक रहेको तान्त्रिक विधिद्वारा तयार पारिएको इन्द्रध्वजासहितको ५५ हात लामो लिंगो उठाइएको छ ।

यसलाई विश्वप्रसिद्ध लिंगो जात्रा भन्ने गरिन्छ । यो लिंगो भने आज वैशाख १ गते दिनभर जात्रा गरेर साँझ विधिपूर्वक ढाल्ने गरिन्छ । यता मध्यपुरथिमि-८ बोडेस्थित महालक्ष्मी मन्दिर अगाडि पनि आइतबार बिहान लिंगो उठाइएको छ । मध्यपुरथिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठको उपस्थितिमा जनप्रतिनिधिहरू समेतको सहभागितामा स्थानीयले महालक्ष्मी मन्दिर अगाडि लिंगो उठाएका हुन् ।

तान्त्रिकविधि पूरा गरी बिहान स्थानीयले लिंगो उठाएपछि थिमि क्षेत्रको जात्रा एवं पर्वको विधिवतरूपमा सुरु हुने, मठमन्दिरमा मेला लाग्ने र भोज सुरु हुने परम्परा रहेको स्थानीय दिलकृष्ण प्रजापतिले जानकारी दिए । 'महालक्ष्मी मन्दिर अगाडि लिंगो उठाएर जिब्रो छेड्ने जात्राको साइत गरिएको छ । यस मन्दिर अगाडि लिंगो उठाएपछि जिब्रो छेड्ने जात्रा पनि सुरु भएको मानिन्छ,' उनले भने । यहाँ आइतबार नै कुमारीको रथ लहीटोलमा पुऱ्याइएको छ । निलबारही जंगलबाट ल्याएको दाउरा बालेर पूजा गरेपछि २८ वर्षीय सुजन वांग श्रेष्ठले व्रत प्रारम्भ गरेका छन् । उनले वैशाख २ गते जिब्रो छेड्ने छन् ।

आइतबार व्रत सुरु भएपछि जिब्रो छेड्ने व्यक्तिले केही खान नहुने, महिलासँग बोल्न तथा छुन नहुने, कुकुर, कुखुरा, बिरालोलगायतका पशुपक्षीलाई छुन नहुने चलन छ । मध्यपुरथिमिमा बिस्केट जात्राको अवसरमा सिन्दुरजात्रा विष्णुवीर जात्रा, रात्रिको चान्हेसिया जात्रा, सिद्धिकाली जात्रालगायतका जात्रा एवं पर्व स्थानीयले भव्यरूपमा मनाउने गरेका छन् ।



## रथले किचेर एक जनाको मृत्यु

भक्तपुरमा बिस्का जात्रा मनाउने क्रममा भैरवनाथको रथले किचेर एक जनाको मृत्यु भएको छ । भक्तपुर नगरपालिका-४ घर भई हाल सूर्यविनायक नगरपालिका-८ सिपाटोलस्थित इटबू बस्ने ३६ वर्षीय सुशील तमखूको मृत्यु भएको हो ।

बिस्काः जात्राको चौथो दिन आइतबार भेलुखेलस्थित योसिंखेलमा ५५ हात लामो योसिं ठडयाउन भैरवनाथको रथलाई गाःहिटीबाट योसिंखेल लैजाने क्रममा तमखूलाई रथले किचेको जिल्ला प्रहरी परिसर भक्तपुरका प्रमुख प्रहरी उपरीक्षक माधव बुढाथोकीले जानकारी दिए । रथले तमखूको शरीरको बीच भागमा किचेको र उनको घटनास्थलमा नै मृत्यु भएको उनले बताए ।

विपद्को एक वर्ष

## आठ हजार भन्दा बढी घटनामा ७४५ जनाको मृत्यु

**काठमाडौं (प्रस)**– गएको एक वर्षमा विपद्जन्य घटनामा ७४५ जनाको ज्यान गएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार एक वर्षमा आठ हजार ८६१ वटा विपद्का घटना घटेको र ती घटनामा परी ७४५ जनाको मृत्यु भएको हो ।

ती घटनामा परी ६९ जना बेपत्ता भएका र एक हजार ७०२ जना घाइते भएका प्राधिकरणका प्रवक्ता रामबहादुर केसीले जानकारी दिए । उनका अनुसार एक वर्षमा विपद्बाट १८ हजार ९९१ घरपरिवार प्रभावित हुन पुगेका छन् । कूल तीन अर्ब १३ करोड रूपैयाँबराबरको आर्थिक क्षति भएको प्राधिकरणले जनाएको छ ।

### कुन घटनामा कति मानवीय क्षति ?

सबैभन्दा बढीपहिरोका कारण ३५१ जनाको ज्यान गएको छ । त्यसपछि बाढीबाट ९७, चटयाङबाट ७८ र आलागीबाट ७७ जनाको मृत्यु भएको प्राधिकरणले जनाएको छ । भारी वर्षाका कारण आठ, जनावरको आक्रमणबाट ४३, लेक लागेर २४, हवाई दुर्घटनामा २३, सर्पदंशबाट १९ जनाको मृत्यु भएको छ । त्यसैगरी, डढेलोबाट १०, हुरीबतासका कारण सात, डुंगा पल्टेर एक र अन्य विविध कारणबाट सात जनाको मृत्यु भएको छ । पहिरोबाट ४८, बाढीबाट १८ र हिउँ पहिरोमा परेर तीन जना बेपत्ता भएका छन् ।

### सबैभन्दा बढी आगलागीका घटना

विपद्जन्य घटनाका संख्या अध्ययन गर्दा सबैभन्दा बढी आगलागीका घटना यस वर्ष भएका छन् । २०८१ वैशाख १ देखि चैत २९ गतेसम्मको तथ्यांकानुसार आगलागीका मात्र चार हजार १४५ वटा घटना भएका छन् । त्यसपछि डढेलोका एक हजार १९५ वटा र पहिरोका एक हजार पाँच घटना भएका छन् ।

त्यस्तै बाढी ४१८, भारी वर्षाका ५६८, चटयाङका ४१८, जनावर आक्रमणका ४७७, लेक लागेका १११ वटा घटना भएका छन् । हवाई दुर्घटनाका दुई, सर्पदंशका ८४, हावाहुरीका ३४९, डुंगा पल्टेका एक, हिमपहिरोका छ, भूकम्पका ७४, असिनापानी एक र अन्य सातवटा विपद्जन्य घटना भएको प्राधिकरणले सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।

---

**ओमनमा रोजगार** — कम्पनी : Al-thabat Holding Llc

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/३१ | LT. No. 310901 | चलानी नं. ६०२२५४५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaning Worker | 50 | 0 | 100 | ३५,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: Muskan Training Center Ramanand Chowk 8 मा मिति: २०८२ वैशाख ७ र ८ गते (20 & 21 Apr. 2025) मा हुनेछ । & PIT Training Center, Ramanand Chowk 9, Dhanusha, Janakpur मा मिति: २०८२ वैशाख ८ गते (21 Apr. 2025) मा हुनेछ । Octopus Training Centre, Damak-5, Jhapa मा मिति: २०८२ वैशाख ९ गते (22nd Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Jasmine Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं.८७४/०६६/०६७
Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279

---

**युएइमा रोजगार** — कम्पनी : Euro Gulf Textiles FZC

पूर्व स्वीकृति मिति : २०८१/१२/३१ | LT. No. 321984 | चलानी नं. ६०२३६०८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 35 | 0 | 1100 | ३७,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८२ वैशाख ८ गते (21st Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ayaan Consultency Services Pvt. Ltd. (GREEN HILL OVERSEAS PVT. LTD.)**
श्रम ईजाजत नं. 1536/078/79
Purano Baneshwor-9,Bijay Chowk, Kathmandu, BAGMATI
Phone: 9818727318, 9851014815, 9803828661, Email:greenhilloverseas5@gmail.com

---

**ओमन/कुवेतमा रोजगार** — कम्पनी : MUSCAT FACILITIES MANAGEMENT

पूर्व स्वीकृति मिति : २०८१/१२/३१ | LT. No. 321828 | चलानी नं. ६०२३६०३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER/PUBLIC BUILDINGS | 5 | 12 | 110 | ३९,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

फाइनल अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८२ वैशाख ३ र ४ गते (16 & 17 Apr. 2025) मा हुनेछ ।

कम्पनी : Gulf Naseem General Trad. & Cont. Co.

पूर्व स्वीकृति मिति : २०८१/०५/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/३१ | LT. No. 310435 | चलानी नं. ६०२१४००८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 50 | 0 | 90 | ४०,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 30 | 0 | 120 | ५३,८८० | | | | | | | |

नोट: साथै labor -50 तथा Electrician-30 को लागि डकुमेन्ट संकलन भइरहेको हुँदा इच्छुक व्यक्तिहरूले सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Future Star Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. ३९७/०६०/०६१
Samakhushi, Townplaning, Kathmandu, Nepal, (Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322, E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com

---

## स्वरोजगार तालिम केन्द्र प्रा.लि.
**SWAROJGAR TALIM KENDRA (P.) LTD.**
**VOCATIONAL AND SKILL DEVELOPMENT TRAINING INSTITUTE**

**CTEVT Level 1 केयर गिभर र जनरल बुकिङ विषयक तालिमको लागि दरखास्त आवहानको सूचना**

टोखा नगरपलिका कार्यालय र यस स्वरोजगार तालिम केन्द्रबिच मिति २०५१/१२/३१ गते भएको दुई पक्षिय संझौता भए बमोजिम केयर गिभर र जनरल कुकिङ तालिम निम्न मिति र स्थानमा संचालन हुने हुदा तालिम लिन इच्छुक १८-४० वर्ष नगरवासी महिला यूवा यूवतीहरूबाट दरखास्त आवहान गरिएको छ ।

| क्र. सं. | तालिमको विषय | न्यूनतम योग्यता | तालिम अवधि | फारम भर्ने अन्तिम मिति | अर्न्तवार्ता मिति | तालिम संचालन हुने मिति र स्थान | सर्म्पक यक्ति र नं. |
|---|---|---|---|---|---|---|---|
| १ | केयर गिभर | १२ पास महिला/पुरूष | ३९० घण्टा | २०८२/१/६ १२ बजे सम्म | २०८२/१/६ १२ बजेबाट | २०८२/१/७ टोखा ९ गोंगबु | गोपाल प्र अधिकारी ९८४१४२५६५६/०१४९८९९६९ |
| २ | जनरल कुक | पास महिला/पुरूष | | | | | |

**फारम पाईने स्थान**:
**१ स्वरोजगार तालिम केन्द्र प्रा.लि. गोंगबु चोक, काठमाडौं**
**बोधार्थ**
सबै वडा कार्यालयहरू, सहभागी छनौट गरी पठाइदिनुहुन ।

---

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **S.K Energy Traders** कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि. नं. | मालबस्तुको विवरण | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | 188 | N/A | CHINA | PCS | 11,700.00 | 13,170.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | 198 | N/A | CHINA | PCS | 11,950.00 | 13,445.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | 18 | N/A | CHINA | PCS | 7,300.00 | 8,330.00 | |
| 4 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | 08 | N/A | CHINA | PCS | 7,300.00 | 8,330.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | 48 | N/A | CHINA | PCS | 7,300.00 | 8,330.00 | |

बिक्रेताको फर्मको नाम: **S.K. ENERGY TRADERS** | स्थायी लेखा नं: **302252282**
ठेगाना: **Ramhiti, Boudda, Kathmandu, Nepal** | फोन नं: **9851040703**

---



## भावपूर्ण श्रद्धाञ्जली !

**सुरेश रजक**
जन्म : २०४८ श्रावण ४
स्वर्गारोहण : २०८१ चैत्र १५

सुरेश रजक एक कर्मठ इमान्दार एवं कर्तव्यनिष्ठ एभिन्युजकर्मी,
आफ्नो खबरकर्मको राष्ट्रिय दायित्व निर्वाह गर्दा गर्दै
अग्निदाहमा जलाएर भष्म बनाइयो ।
आज उनले देहत्याग गरेको १३ औं पुण्य तिथिमा
उनको आत्माको चीर शान्तिको कामना गर्दै,
हार्दिक श्रद्धासुमन अर्पित गर्दछौं ।

साथै स्व. सुरेश रजकको यो आहुतिले खबरकर्ममा
उनले देखाएको सत्मार्ग पहिल्याउदै
उनको हत्याको न्यायिक छानबिन र दोषी माथि हदैसम्मको
कार्यवाहीको मागलाई फेरि एकपटक दोहोर्याउछौं ।
सुरेश रजकलाई निरपेक्ष शहिद घोषणा हाम्रो निशर्त माग हो ।
हामी उनको रहस्यमय मृत्युको सत्य तथ्य खोजी रहनेछौं ।
सुरेश रजक सधै अमर रहुन्...

**कृष्ण कार्की**
प्रबन्ध निर्देशक
*तथा*
**प्रभाव पब्लिकेशन प्रा. लि. परिवार**
सिफल-०९ काठमाडौं

---

## एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

**(प्रकाशित मितिः २०८२/०१/०२ को प्रभाव राष्ट्रिय दैनिक)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरण**

**१. ऋणीको नामः अटो प्रदेश प्रा. लि.** **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा
(नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको), दर्ता नं.: २०८८८२/०७५/०७६, दर्ता मितिः २०७५/११/०६, स्थायी लेखा नं.: ६०६६७७१७०, ठेगानाः रूपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ९ ।

__सञ्चालक तथा व्यक्तिगत जमानतकर्ताहरुः__
**क. नारायण घिमिरेः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २/१७४०८ (२०५७/०५/१९/रूपन्देही), बाजेको नामः घनश्याम, बाबुको नामः कुलानन्द घिमिरे, ठेगानाः रूपन्देही जिल्ला, पडसरी गा.वि.स., वडा नं. ९ ।
**ख. सितल घर्तिः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २७४०२ (२०६१/१०/०८/रूपन्देही), बाजेको नामः छबिलाल, बाबुको नामः बिर बहादुर घर्ति, ठेगानाः रूपन्देही जिल्ला, ओमसतिया गा.पा., वडा नं. २ ।

__व्यक्तिगत जमानतकर्ताहरुः__
**क. बिष्णु माया घिमिरेः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १८८२२ (२०६०/०१/१५/रूपन्देही), बाबुको नामः छविलाल पंगेनी, ससुराको नामः कुलानन्द घिमिरे, पतिको नामः नारायण घिमिरे, ठेगानाः रूपन्देही जिल्ला, पडसरी गा.वि.स., वडा नं. ९ ।
**ख. जमुना देवी घिमिरेः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १/१३४९० (२०४५/११/१५/रूपन्देही), बाबुको नामः गुनाखर बस्याल, ससुराको नामः घनश्याम, पतिको नामः कुलानन्द घिमिरे, ठेगानाः रूपन्देही जिल्ला, पडसरी गा.वि.स., वडा नं. ९ ।

**२. ऋणीको नामः नारायण घिमिरे** **कर्जा शिर्षकः** व्यक्तिगत ओभरड्राफ्ट
ना.प्र.प.नं. (जारी मिति/स्थान): २/१७४०८ (२०५७/०५/१९/रूपन्देही), बाजेको नामः घनश्याम, बाबुको नामः कुलानन्द घिमिरे, ठेगानाः रूपन्देही जिल्ला, पडसरी गा.वि.स., वडा नं. ९ ।

__व्यक्तिगत जमानतकर्ताहरुः__
**क. बिष्णु माया घिमिरेः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १८८२२ (२०६०/०१/१५/रूपन्देही), बाबुको नामः छविलाल पंगेनी, ससुराको नामः कुलानन्द घिमिरे, पतिको नामः नारायण घिमिरे, ठेगानाः रूपन्देही जिल्ला, पडसरी गा.वि.स., वडा नं. ९ ।
**ख. जमुना देवी घिमिरेः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १/१३४९० (२०४५/११/१५/रूपन्देही), बाबुको नामः गुनाखर बस्याल, ससुराको नामः घनश्याम, पतिको नामः कुलानन्द घिमिरे, ठेगानाः रूपन्देही जिल्ला, पडसरी गा.वि.स., वडा नं. ९ ।

**३. ऋणीको नामः बिष्णु माया घिमिरे** **कर्जा शिर्षकः** आवधिक कर्जा
ना.प्र.प.नं. (जारी मिति/स्थान): १८८२२ (२०६०/०१/१५/रूपन्देही), बाबुको नामः छविलाल पंगेनी, ससुराको नामः कुलानन्द घिमिरे, पतिको नामः नारायण घिमिरे, ठेगानाः रूपन्देही जिल्ला, पडसरी गा.वि.स., वडा नं. ९ ।

__व्यक्तिगत जमानतकर्ताहरुः__
**क. जमुना देवी घिमिरेः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १/१३४९० (२०४५/११/१५/रूपन्देही), बाबुको नामः गुनाखर बस्याल, ससुराको नामः घनश्याम, पतिको नामः कुलानन्द घिमिरे, ठेगानाः रूपन्देही जिल्ला, पडसरी गा.वि.स., वडा नं. ९ ।
**ख. नारायण घिमिरेः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २/१७४०८ (२०५७/०५/१९/रूपन्देही), बाजेको नामः घनश्याम, बाबुको नामः कुलानन्द घिमिरे, ठेगानाः रूपन्देही जिल्ला, पडसरी गा.वि.स., वडा नं. ९ ।

__माथि उल्लेखित तिननै ऋणीहरुको लागि धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः__
गुनाखर बस्यालको छोरी, घनश्यामको बुहारी, कुलानन्द घिमिरेको पत्नी, रूपन्देही जिल्ला, पडसरी गा.वि.स., वडा नं. ९ बस्ने **जमुना देवी घिमिरे**को नाममा मालपोत कार्यालय रूपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रूपन्देही जिल्ला, पडसरी गा.वि.स./न.पा., वडा नं. ९/क स्थित कि.नं. ९३ र ६२१ को क्षेत्रफल क्रमश ०५२.५२२ ब.मि. र ०-५-५-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक — समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

---

## सिगास गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
**गर्जे, बैतडी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति २०८२।०१।०१**

प्रस्तुत विषयमा सिगास गाउँपालिकाको कार्यालय बैतडीबाट कार्यान्वयन हुने श्री देउलेक धाम पर्यटकिय क्षेत्र धाम भवन निर्माण ठेक्का नं. SRM/NCB/DDPKB-05/2081/82 र श्री ओखलसैनी खेलमैदान निर्माण कार्य -ठेक्का नं SRM/NCB/OKCW-06/2081/82 निर्माण कार्य ठेक्काको माध्यमबाट सम्पन्न गर्न गरी प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८१।११।२६ गते प्रकासित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरूको प्राविधिक र आर्थिक प्रस्तावको विस्तृत मुल्यांकनबाट छनौट भई खोलिएका बोलपत्रदातहरूको आर्थिक प्रस्तावको मुल्यांकन हुदा तपसिल बमोजिमका न्युनतम मुल्यांकित बोलपत्र सारभूत रूपमा प्रभावग्राही देखिऐकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम तथा सोही ऐनको दफा ४७ प्रयोजनका लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं र योजनाको नाम | सफल बोलपत्रदाताहरूको नाम र ठेगाना | कबोल रकम (मूल्य रू) अभिबृद्धि कर, PS, सहित | कैफियत |
|---|---|---|---|---|
| 1 | SRM/NCB/DDPKB-05/ 2081/082 श्री देउलेक धाम पर्यटकिय क्षेत्र धाम भवन निर्माण | Sigas Nirman Sewa sigas 01 Baitadi | 37,93,885.04 | |
| 2 | SRM/NCB/OKCW-06/ 2081/82 श्री ओखलसैनी खेलमैदान निर्माण कार्य | Duplex Builders PVT .LTD Sigas -05 Baitadi | 29,30,594.68 | |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# समृद्धिको वर्ष बनोस् २०८२

**वि.सं. २०८२ को पहिलो दिन आज । सर्वप्रथम, सम्पूर्ण नेपालीजनमा नयाँ वर्षको हार्दिक शुभकामना ! नयाँ वर्षको सुरुआत हुँदै गर्दा सबैका फरक–फरक अपेक्षा, लक्ष्य र संकल्प हुन्छन् । ती के कति पूरा होलान्, त्यसको समीक्षा वर्षान्तमा हुने छ । यतिबेला भने गएको वर्षलाई फर्केर गम्भीर समीक्षा गर्ने र नयाँ सालका लागि व्यावहारिक भएर संकल्प गर्नुपर्छ ।**

**वर्ष २०८१ मुलुकको राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रमा केही उतारचडाव भए । केही उपलब्धि भए पनि राजनीति अस्थिर नै रह्यो । यो वर्ष पनि सरकारको नेतृत्व फेरियो । २०८१ असारमा नेकपा माओवादी केन्द्र र नेकपा एमालेको गठबन्धन सरकारको नेतृत्व गरिरहेको प्रधानमन्त्री पुष्पकमल दाहालले प्रधानमन्त्री पद त्याग्नुपर्‍यो । त्यसपछि संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको सहयोगमा दोस्रो ठूलो दल एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बने । ओली अहिले पनि प्रधानमन्त्री छन् । यद्यपि फेरि सरकार फेरिने चर्चा सुनिन थालेको छ ।**

**यो वर्ष पनि मुलुकको अर्थतन्त्रले संकटको सामना गर्नुपर्‍यो । अर्थतन्त्रका बाह्य सूचकहरुमा सुधार आए पनि आन्तरिक सूचकहरु कमजोर नै रहे । सुशासनमा सरकार कमजोर रह्यो । सम्पत्ति शुद्धीकरण तथा आतंकवादी गतिविधि मामिलामा निगरानी राख्ने अन्तर्राष्ट्रिय संस्था फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटिएफ) ले नेपाललाई पुनः 'ग्रे–लिस्ट'मा राख्यो । यसअघि सन् २०११ मा पनि नेपाल यस्तो सूचीमा परेको थियो । यसले मुलुकमा विदेशी लगानी भित्र्याउने कार्यलाई प्रभावित पार्ने अर्थविद्हरुको भनाइ छ ।**

**आन्तरिक उत्पादन विस्तार गर्न नसक्दा वैदेशिक व्यापारमा रहेको घाटा थप चुलिँदै गएको छ । यद्यपि, विद्युत् व्यापारमा भने मुलुकले फड्को मारेको छ । मुलुकले भारतसँग मात्रै बेच्दै आएको विद्युत् भारतकै पूर्वाधार प्रयोग गरेर बंगलादेशलाई पनि बेच्न सुरु गर्‍यो । राष्ट्रिय गौरवका आयोजनाहरुमा यो वर्ष पनि आशातीत प्रगति हुन सकेन ।**

**राजनीतिक अस्थिरता, बढ्दो बेरोजगारीलगायतका कारण जनतामा चरम असन्तुष्टि बढेको छ । यसरी असन्तुष्ट जनतालाई प्रयोग गरेर आफ्नो स्वार्थ पूरा गर्ने समूह सक्रिय बनेको छ । वर्तमान व्यवस्थामाथि नै प्रहार गर्दै पुनः पुरानै व्यवस्थातर्फ मुलुकलाई फर्काउन राजावादी समूह लागिपरेको छ । यस्तो अन्योलको अवस्था अन्त्य गर्दै मुलुकलाई समृद्धिको मार्गमा अगाडि बढाउन प्रमुख राजनीतिक दलहरुले नयाँ सालमा दृढ संकल्प गर्न जरुरी छ । यसका लागि आम जनसमुदायबाट खबरदारी हुनुपर्छ । आशा छ वर्ष २०८२ समृद्धिको वर्ष बन्ने छ ।**

## श्रम सरोकार

# वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।

व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।

- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# सगरमाथा संवादः जलवायु न्यायका लागि आवाज उठाउने अवसर



■ सविन शर्मा

> सगरमाथा संवाद केवल नेपालका लागिमात्र नभई सम्पूर्ण विश्वका लागि पनि एक ऐतिहासिक अवसरका रूपमा उदाउँदै छ । जलवायु परिवर्तनको प्रभाव दिनप्रतिदिन गहिरिँदै गएको वर्तमान सन्दर्भमा, हिमाली क्षेत्रको संवेदनशीलता र त्यसको विश्वव्यापी प्रभावबारे गम्भीर बहस आवश्यक भइसकेको छ । यस्तो अवस्थामा नेपालले सगरमाथा संवादमार्फत हिमाली आवाजलाई विश्वव्यापी बहसको मूल धारमा ल्याउने प्रयास गरेको छ, जुन राष्ट्रिय गौरवको विषय मात्र नभई जलवायु नेतृत्वतर्फको ठोस कदम पनि हो ।

जलवायु परिवर्तन मानव सभ्यताको अस्तित्वमाथिको सबैभन्दा ठूलो चुनौतीका रूपमा देखापरेको छ । यसको प्रत्यक्ष प्रभाव पृथ्वीका सबै भागमा परिरहेको छ । विशेषतः हिमाली क्षेत्रमा यसको प्रभाव अत्यन्त गम्भीर र दिगो खालको देखिन थालेको छ । यस्ता संवेदनशील क्षेत्रमा भइरहेको परिवर्तनले केवल जैविक विविधता र वातावरणलाई मात्र प्रभाव पारिरहेको छैन, यसले हिमाली क्षेत्रमा बसोबास गर्ने समुदायको जीविकोपार्जन, संस्कृति र मानव अधिकारमासमेत गहिरो प्रभाव पारिरहेको छ ।

यही सन्दर्भमा, सरकारले सन् २०२५ मे १६ देखि १८ सम्म (२०८२ साल जेठ २-४ गते) काठमाडौंमा आयोजना गर्न लागेको सगरमाथा संवाद एक ऐतिहासिक एवं विश्वसामु ध्यानाकर्षण गराउने प्रयास हो । यो कार्यक्रमले हिमालहरू, जलवायु परिवर्तन र मानवताको भविष्यबीचको सम्बन्धबारे विश्वस्तरीय बहस र सहकार्यलाई प्रोत्साहन गर्ने उद्देश्य राखेको छ ।

सगरमाथा संवादको अवधारणा सन् २०१९ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रस्ताव गरेका थिए । नेपालले सगरमाथालाई केवल विश्वकै सर्वोच्च शिखरका रूपमा मात्र नभई जलवायु परिवर्तनविरुद्धको प्रतीकका रूपमा प्रस्तुत गर्दै, एक साझा अन्तर्राष्ट्रिय संवादको थलोका रूपमा विकास गर्ने योजना अघि सारेको हो । सगरमाथा केवल एक भौगोलिक पहिचान नभई, विश्वभरिका मानिसहरूलाई जलवायु न्याय, सहअस्तित्व र दिगोपनप्रति प्रतिबद्ध गराउने प्रतीक बन्ने विश्वास गरिएको थियो । सुरुआतमा सन् २०२० मा पहिलो संस्करण आयोजना गर्ने योजना थियो, तर कोभिड-१९ महामारीका कारण कार्यक्रम स्थगित गरियो । पाँच वर्षपछि, सन् २०२५ लाई 'अन्तर्राष्ट्रिय हिमनदी संरक्षण वर्ष' को रूपमा घोषणा गरिएका सन्दर्भ पारेर पहिलो सगरमाथा संवाद पुनः सुरु गर्ने निर्णय गरिएको हो ।

सगरमाथा संवादको एक प्रमुख उद्देश्य भनेको हिमाली क्षेत्रमा जलवायु परिवर्तनले पारिरहेको गम्भीर र तीव्र प्रभावहरूबारे अन्तर्राष्ट्रिय समुदायमा जागरुकता अभिवृद्धि गर्नु हो । सगरमाथा अर्थात् माउन्ट एभरेस्ट स्वयं जलवायु परिवर्तनका प्रत्यक्ष संकेत देखिएका स्थलहरूमध्ये एक हो । जहाँ हिउँ पग्लनु, हिमनदी सुक्नु, जैविक विविधता घट्नुजस्ता संकट बढिरहेका छन् । संवादमार्फत नेपालले हिमाली क्षेत्रलाई विश्वको 'तेस्रो ध्रुव' का रूपमा प्रस्तुत गर्दै उच्च पहाडी भेगका लाखौं मानिसको जीवन, संस्कृतिको अस्तित्व र जल स्रोतको भविष्य जोखिममा परेको सन्देश विश्व समुदायसमक्ष पुर्‍याउने प्रयास गर्ने विश्वास लिइएको छ । यसले केवल वैज्ञानिक चिन्ता होइन, मानवअधिकार, खाद्य सुरक्षाजस्ता मुद्दासँगसमेत हिमाली क्षेत्रको सम्बन्धलाई जोड्दै जलवायु न्यायको नयाँ बहस सुरु गर्ने अपेक्षा गरिएको छ ।

सगरमाथा संवादको मूल सार तिनै राष्ट्रहरूको आवाज बन्नु हो जसले विश्वव्यापी कार्बन उत्सर्जनमा न्यूनतम योगदान गरेका छन् तर जलवायु परिवर्तनका प्रभावहरू सर्वाधिक रूपमा भोगिरहेका छन् । नेपालजस्ता पहाडी र विकासोन्मुख मुलुकहरू, जसको औद्योगिक इतिहास न्यून छ, आज हिउँ पग्लन, बाढीपहिरो, खाद्य संकट र जल स्रोतको असुरक्षाजस्ता समस्यासँग जुधिरहेका छन् । जलवायु न्यायको दृष्टिकोणले हेर्दा, यस्ता मुलुकहरूलाई क्षतिपूर्ति, प्राविधिक सहयोग र अनुकूलनमा विशेष प्राथमिकता दिनु अनिवार्य हुन्छ । सगरमाथा संवादले 'कम दोषी तर बढी पीडित' राष्ट्रहरूको आवाजलाई अन्तर्राष्ट्रिय कूटनीतिक मञ्चमा पुर्‍याउने र तिनका हक, आवश्यकता र अधिकारको संरक्षणका लागि सशक्त एजेण्डा अघि सार्ने उद्देश्य राखेको छ । यो संवाद जलवायु न्यायको पक्षमा एक नैतिक र राजनीतिक अडानको रूपमा उभिन खोजेको छ ।

सगरमाथा संवादको एक महत्त्वपूर्ण उद्देश्य भनेको जलवायु संकटसँग जुझ्न विकासोन्मुख राष्ट्रहरूलाई आवश्यक पर्ने जलवायु वित्त, प्रविधि हस्तान्तरण र क्षमता विकासका क्षेत्रमा अन्तर्राष्ट्रिय सहकार्यलाई प्रवर्द्धन गर्नु हो । जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरूसँग जुध्नका लागि स्रोत र प्रविधिको पहुँच अत्यावश्यक हुन्छ, जुन विशेषगरी साना, अल्पविकसित तथा हिमाली मुलुकहरूसँग सीमित मात्रामा पाइन्छ । सगरमाथा संवादले दातृ राष्ट्रहरू, अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू, वैज्ञानिक समुदाय र बहुपक्षीय सहयोगकर्ता निकायहरूबीच सहकार्यको सेतु निर्माण गर्दै हरित वित्तको पहुँच, प्रविधिको निष्पक्ष हस्तान्तरण र स्थानीय जनशक्तिको क्षमता विकासमार्फत दिगो, समावेशी र न्यायपूर्ण समाधानतर्फ उन्मुख हुन आग्रह गर्दछ । यस्तो सहकार्यले नेपाललगायतका संवेदनशील मुलुकलाई जलवायु प्रतिरोधात्मक मार्गचित्र निर्माण गर्न सघाउ पुर्‍याउँछ ।

सगरमाथा संवादको अर्को प्रमुख उद्देश्य भनेको समावेशी तथा न्यायपूर्ण जलवायु नीतिहरू निर्माण प्रक्रियामा हिमाली राष्ट्रहरूको प्रभावकारी सहभागिता सुनिश्चित गर्नु हो । जलवायु परिवर्तनका प्रत्यक्ष र गहिरा प्रभाव भोगिरहेका हिमाली क्षेत्रहरूले विश्वव्यापी जलवायु नीति निर्माणमा पर्याप्त स्थान पाएका छैनन् । सगरमाथा संवादले नेपाललगायतका हिमाली मुलुकहरूबीच साझा आवाज विकास गर्दै जलवायु संकटबारे अन्तर्राष्ट्रिय बहसमा तिनको दृष्टिकोण, अनुभव र प्राथमिकतालाई संस्थागतरूपमा प्रस्तुत गर्ने वातावरण तयार पार्न खोजेको हो । यसले 'तेस्रो ध्रुव' का रूपमा चिनिने हिमाली क्षेत्रलाई केवल प्रभावका पीडित होइन, समाधानका भागीदारका रूपमा स्थापित गर्ने र अन्तर्राष्ट्रिय जलवायु न्याय सुनिश्चित गर्न हिमाली राष्ट्रहरूको नेतृत्व विस्तार गर्ने रणनीतिक लक्ष्य राखेको छ ।

सगरमाथा संवादको अर्को प्रमुख उद्देश्यमध्ये एक हो, हिमाली क्षेत्रका राष्ट्रहरूबीच जलवायु परिवर्तनले पारिरहेको बहुआयामिक प्रभावको विषयमा साझा समझदारी विकास गर्नु । हिमाल पग्लिनु, हिमनदी सुक्नु, बाढीपहिरो, खाद्य असुरक्षा, जैविक विविधताको ह्रासजस्ता असरहरू क्षेत्रीय सीमाभन्दा बाहिर फैलिरहेका छन् । यस्तो अवस्थामा केवल राष्ट्रिय नीतिले मात्र पर्याप्त नतिजा दिन सक्दैन । साझा अनुभव, तथ्यांक र अनुसन्धान आदानप्रदान गर्दै जलवायु संकटको साझा मूल्यांकन र सहकार्यको मार्गचित्र तयार पार्नु अत्यावश्यक छ । सगरमाथा संवादले हिमाली राष्ट्रहरूबीच वैज्ञानिक, नीतिगत र स्थानीय अनुभवको समन्वयमार्फत दीर्घकालीन समाधानको आधार निर्माण गर्न चाहन्छ ।

नेपालजस्ता विकासोन्मुख तथा हिमाली राष्ट्रहरूको औद्योगिक इतिहास कम छ । तिनीहरूले कार्बन उत्सर्जनमा नगन्यमात्रामा योगदान गरेका छन् । तर पनि, यिनै देशहरू जलवायु परिवर्तनको सबैभन्दा गम्भीर र प्रत्यक्ष प्रभाव भोगिरहेका छन् । यस असमान अवस्थाको समाधानका लागि सगरमाथा संवादले जलवायु न्यायको पक्षमा दृढ आवाज उठाउने प्रयास गर्छ । न्यायोचित क्षतिपूर्ति, हरित वित्तमा विशेष पहुँच र नीति निर्माणमा समान भागीदारीजस्ता मुद्दाहरू यस बहसको केन्द्रमा छन् । यो संवाद एक नैतिक र कूटनीतिक मञ्च हो, जसले 'कम दोषी तर बढी पीडित' राष्ट्रहरूको पक्षमा अन्तर्राष्ट्रिय सहयोग र जिम्मेवारी सुनिश्चित गर्न दबाब सिर्जना गर्छ ।

हिमाली राष्ट्रहरूले जलवायु परिवर्तनको असरसँग जुध्न आन्तरिक स्रोत र प्रविधिमा ठूलो सीमितता भोगिरहेका छन् । यस्तो चुनौतीको सामना गर्न सगरमाथा संवादले अन्तर्राष्ट्रिय द्विपक्षीय र बहुपक्षीय साझेदारीहरू निर्माणलाई प्राथमिकतामा राखेको छ । हरित वित्त कोष (जिसिएफ), लस एण्ड डचामेज फण्ड र प्राविधिक सहकार्यजस्ता संयन्त्रहरूमा पहुँच बढाउने उद्देश्य राखिएको छ । साथै, स्थानीय सरकार, संस्थान र नागरिक समाजको क्षमता अभिवृद्धि गर्दै जलवायु अनुकूलन तथा न्यूनीकरणमा दीर्घकालीन समाधान खोज्ने लक्ष्य राखिएको छ । यस्ता साझेदारीहरूले स्थानीय जनशक्तिलाई सशक्त बनाउनुका साथै वातावरणमैत्री विकासका सम्भावनाहरू उजागर गर्न मद्दत पुर्‍याउँछ ।

संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन फ्रेमवर्क कन्भेन्सन अन्तर्राष्ट्रिय जलवायु नीति निर्माणको प्रमुख संरचना हो, जहाँका निर्णयहरू विश्वका करोडौं मानिसको जीवनसँग जोडिन्छन् । तर, नेपालजस्ता साना तथा हिमाली राष्ट्रहरूको आवाज यी मञ्चहरूमा अक्सर कमजोर रहँदै आएको छ । सगरमाथा संवादले हिमाली देशहरूको सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्न आवाज उठाउँछ, जसले तिनको वास्तविकता र आवश्यकतालाई संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन फ्रेमवर्क कन्भेन्सनको नीतिगत एजेण्डामा स्थान दिन सकोस् । विशेषतः लस एण्ड डयामेज मेकालिज्म, एडेप्टेसन फ्रेमवर्क र क्षमता विकास कार्यक्रमजस्ता क्षेत्रहरूमा हिमाली दृष्टिकोण समावेश गर्नु सगरमाथा संवादको रणनीतिक प्राथमिकता हो । यस्तो सहभागिता नीतिगत समानताको आधार बनाउने दिशामा महत्त्वपूर्ण कदम हुने छ ।

नेपालले आयोजना गर्न लागेको सगरमाथा संवाद तीन दिनसम्म चल्ने बहसको एक महत्त्वपूर्ण अन्तर्राष्ट्रिय मञ्च हुने छ, जसमा जलवायु परिवर्तन, पारिस्थितिकीय प्रणालीको संरक्षण र दिगो विकासजस्ता विषयमा विश्वव्यापी चासोका मुद्दाहरू उठाइने छन् । यस संवादका क्रममा करिब १५ वटा मुख्य सत्रहरू सञ्चालन हुने छन् जसमा ९० भन्दा बढी विज्ञ, सरकारी अधिकारी, अनुसन्धानकर्ता, नागरिक समाजका प्रतिनिधि तथा अन्तर्राष्ट्रिय संस्थाका सदस्यहरूले आफ्ना कार्यपत्रहरू प्रस्तुत गर्ने छन् । विविध पृष्ठभूमिका सहभागीहरूको उपस्थितिले यो संवादलाई बहुआयामिक दृष्टिकोणबाट समृद्ध बनाउने अपेक्षा गरिएको छ, जसले विश्वसमक्ष नेपालको जलवायु नेतृत्व र पहाडी तथा हिमाली क्षेत्रको संवेदनशीलता उजागर गर्ने छ ।

हिमालदेखि महासागरसम्मको सम्बन्ध विषयको सत्रमा विश्वको जलचक्रमा हिमाली क्षेत्रले खेल्ने भूमिकाको गहिरो विश्लेषण गरिने छ । विशेषतः हिमाली क्षेत्रका हिमनदीहरू पग्लँदा उत्पन्न हुने पानीको प्रवाह कसरी नदी प्रणालीमार्फत तटीय क्षेत्रसम्म पुग्छ र त्यसले समुद्री सतहदेखि लिएर तटीय समुदायको जीवनशैलीमा कस्तो प्रभाव पार्दछ भन्ने विषयमा बहस गरिने छ । यसले हिउँ पग्लनाले निम्त्याउने विश्वव्यापी परिणामबारे चेतना फैलाउने छ ।

हरित अर्थतन्त्र र रूपान्तरणीय विकाससम्बन्धी सत्र वातावरणीय संरक्षण र आर्थिक समृद्धिको सन्तुलन खोज्ने उद्देश्यमा केन्द्रित हुने छ । वातावरणमैत्री नीतिहरू, जलवायु-अनुकूल प्रविधिको प्रयोग, स्वच्छ ऊर्जा प्रणाली र दिगो पूर्वाधार विकासजस्ता विषयमा विविध दृष्टिकोणबाट बहस गरिने छ । यसले दीगो विकास लक्ष्य (एसटिजी) प्राप्तिमा हरित अर्थतन्त्रको भूमिका प्रस्ट पार्ने अपेक्षा गरिएको छ । क्षति र हानि न्यूनीकरण र सम्बोधनसम्बन्धी सत्रमा हिमाली राष्ट्रहरू जलवायु परिवर्तनबाट उत्पन्न क्षति र हानिको प्रत्यक्ष सिकार भइरहेका छन् भन्ने विषयलाई स्थापित गर्न प्रयास हुने छ । यस सत्रमा ती राष्ट्रहरूको आवश्यकताको पहिचान, अन्तर्राष्ट्रिय सहायताको पहुँच, वित्तीय क्षतिपूर्ति प्रणाली तथा क्षति न्यूनीकरणको रणनीतिबारे छलफल गरिने छ । यसले हाम्रा भौगोलिक विशेषताअनुसार उपयुक्त नीति निर्माणमा योगदान पुर्‍याउने छ ।

जलवायु न्याय र मानवताको भविष्यसम्बन्धी सत्र जलवायु अन्यायको सन्दर्भमा केन्द्रित हुने छ, जहाँ कम कार्बन उत्सर्जन गर्ने तर जलवायु परिवर्तनबाट अत्यधिक प्रभावित हुने मुलुकहरूको हकहितबारे बहस गरिने छ । जलवायु न्यायको सिद्धान्त, विश्वव्यापी नैतिक जिम्मेवारी र अन्तरपुस्तीय न्यायको अवधारणाले यस सत्रलाई समृद्ध बनाउने छन् । अन्तर्राष्ट्रिय र क्षेत्रीय साझेदारीसम्बन्धी सत्रमा जलवायु संकट समाधान गर्नका लागि एक्लै कुनै मुलुकले गर्न नसक्ने यथार्थतालाई स्वीकार्दै, क्षेत्रीय र अन्तर्राष्ट्रिय सहकार्यलाई कसरी मजबुत पार्न सकिन्छ भन्ने विषयमा बहस हुने छ । दातृ निकाय, क्षेत्रीय संगठन, निजी क्षेत्र र सरकारहरूबीचको साझेदारीलाई प्रवर्द्धन गर्न नीतिगत तथा व्यावहारिक उपायहरू प्रस्तुत गरिने छन् ।

मुख्य सत्रहरूसँगै सगरमाथा संवादमा १२ वटा समानान्तर सत्रहरू पनि सञ्चालन गरिने छन् । जसमा हिमाली क्षेत्रका आदिवासी र स्थानीय ज्ञान प्रणाली, वातावरणीय शिक्षामा युवाको भूमिका, महिला र जलवायु न्याय, प्रविधिको उपयोगमार्फत स्मार्ट जलवायु प्रतिरोधी समाधानहरू र जोखिम मूल्यांकन तथा पूर्वसूचना प्रणालीका विषयमा गहन छलफल गरिने छ । यी सत्रहरूले संवादलाई बहुपक्षीय, सहभागी र व्यावहारिक बनाउने उद्देश्य राख्छन् ।

सगरमाथा संवादमा करिब १५० देखि १७५ जना विदेशी प्रतिनिधिहरूको सहभागिता रहने छ, जसमा राष्ट्रसंघीय निकायहरू, क्षेत्रीय संगठनहरू जस्तैः सार्क, बिमस्टेक, दातृ निकायहरू जस्तैः जिसिएफ, युएनडिपी, अन्तर्राष्ट्रिय विश्वविद्यालयहरू, अनुसन्धान संस्थानहरू तथा सञ्चारमाध्यमका प्रतिनिधिहरू समावेश हुने छन् । साथै, नेपालका संघीय, प्रदेश र स्थानीय सरकारका प्रतिनिधि, नागरिक समाज, महिला तथा युवा समूह र विश्वविद्यालयका विद्यार्थीहरूको समावेशी सहभागिता सुनिश्चित गरिने छ, जसले संवादलाई समग्र र प्रतिनिधिमूलक बनाउने छ ।

सगरमाथा संवादको अन्तिम दिनको कार्यक्रम विशेषरूपमा भावनात्मक र प्रतीकात्मक सन्देश बोकेको छ । सहभागीहरूलाई हेलिकप्टरमार्फत सगरमाथा क्षेत्रको हवाई अवलोकन गराइने योजना छ, जसको उद्देश्य जलवायु परिवर्तनका प्रत्यक्ष प्रभावहरू विशेषतः पग्लँदै गरेका हिमाल तथा हिमनदीहरू र तिनीहरूले ल्याएका भौगोलिक परिवर्तनहरू प्रत्यक्ष अनुभव गराउनु हो । 'हिमालहरू बोल्छन्' भन्ने सन्देशमार्फत यो भ्रमणले वैज्ञानिक चेतना मात्र होइन, भावनात्मक संलग्नता पनि सिर्जना गर्ने अपेक्षा गरिएको छ, जसले विश्वभरका नीति निर्माताहरूमा गहिरो प्रभाव पार्न सक्छ ।

सगरमाथा संवादले नेपाललाई 'ग्लोबल माउन्टेन लिडरसिप' जस्तै 'ग्लोबल माउन्टेन पार्टनरसिप', युएनएफसिसिसी आदिजस्ता अन्तर ाष्ट्रिय मञ्चहरूमा हिमाली आवाजको सामूहिक प्रतिनिधित्व गर्ने केन्द्रस्थलका रूपमा स्थापित गर्न सक्ने छ । यसले जलवायु संकटमा हिमाली क्षेत्रको विशेष संवेदनशीलतालाई विश्व समुदायमाझ उठाउने बलियो अवसर दिने छ । साथै, हरित विकास, जलवायु वित्त र अनुकूलन परियोजनाहरूका लागि अन्तर्राष्ट्रिय दातृ समुदायको ध्यान नेपालतर्फ केन्द्रित हुने सम्भावना बढ्ने छ । यसका माध्यमबाट वातावरणीय कूटनीतिमा नेपालको उपस्थिति सुदृढ हुने छ, जसले दीर्घकालीन नीति निर्माण र संशाधन जुटाउने प्रक्रियालाई टेवा पुर्‍याउने छ ।

सरकारले २०६८ सालमा 'रियो प्लस २० ' समिटमा जलवायु परिवर्तनले गरेको असरलाई जोडदाररूपमा उठाउने मुद्दासहित १० बुँदे 'काठमाडौं घोषणा' जारी गर्दै पर्वतीय मुलुकको अन्तर्राष्ट्रिय सम्मेलन गरेको थियो । उक्त सम्मेलनमा चार हजार मिटरभन्दा अग्ला पर्वत भएका २६ हिमाली राष्ट्र सहभागी थिए । सम्मेलनकै क्रममा नौ राष्ट्रका वातावरण मन्त्रीको पनि बैठक भएको थियो । रियो सम्मेलनमा पर्वतीय मुद्दालाई एउटै आवाजका रूपमा प्रस्तुत गर्न सम्मेलनले काम थाल्न 'काठमाडौं आह्वान' (काठमाडौं कल फर एक्सन) भन्ने १० बुँदे घोषणापत्र जारी गरेको थियो । नेपालले सम्मेलन गरेर उठाएको एजेण्डालाई स्थापित गर्न लामो समय लागेको थियो । अहिले पनि सगरमाथा संवादका माध्यमबाट सरकारले अन्तर्राष्ट्रिय समुदायको ध्यान खिचेर आफ्नो एजेण्डालाई स्थापित गर्न ठूलो कसरत गर्नुपर्ने देखिन्छ ।

सहभागी पर्वतीय राष्ट्रहरूले विश्वव्यापी सहकार्यमार्फत जलवायु परिवर्तनको चुनौतीको उत्तम समाधान गर्न सकिने उपायसमेत अवलम्बन गरेका सम्मेलनमा पर्वतीय क्षेत्रको भविष्य उज्ज्वल गर्न सबैको सहयकार्य माग गरिएको थियो । सामूहिक कार्यमार्फत पर्वतीय मुलुक र यस क्षेत्रमा बसोबास गर्नेको जीवनस्तरमा सुधार गरी गरिबी न्यूनीकरण, लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा केन्द्रित भएर सहस्राब्दी विकास लक्ष्यलगायत समानुपातिक र दिगो विकास उपलब्धि हासिल गर्ने घोषणा गरे पनि त्यसले मूर्त रूप लिन सकेको छैन ।

त्यसैले सगरमाथा संवाद एक महत्त्वाकांक्षी र सकारात्मक पहल भए पनि यसले केही यथार्थपरक जिज्ञासा र समालोचनाहरू पनि निम्त्याएको छ । पहिलो, स्थायित्व र निरन्तरतासम्बन्धी प्रश्न उठेको छ । के यो संवाद केवल एकपटकको कार्यक्रममै सीमित हुने छ, वा यसले दीर्घकालीन अन्तर ाष्ट्रिय मञ्चको रूप लिने छ ? दोस्रो, जनस्तरको सहभागिता कति प्रभावकारी छ भन्ने बहस पनि महत्त्वपूर्ण छ । विशेषगरी हिमाली समुदाय, जलवायुजन्य समस्याबाट पीडित तथा स्थानीय जनप्रतिनिधिको प्रत्यक्ष सहभागिता कत्तिको सुनिश्चित गरिएको छ भन्ने सवाल उठाइएको छ ।

तेस्रो, नीतिगत कार्यान्वयन एक चुनौतीका रूपमा देखिएको छ । संवादमा पारित हुने सिफारिस, घोषणापत्र वा प्रतिबद्धता व्यवहारमा सरकारी नीति र अन्तर्राष्ट्रिय निर्णयमा कत्तिको रूपान्तरण हुन्छ भन्ने पक्षमा स्पष्ट कार्ययोजना आवश्यक देखिन्छ । यी समालोचनात्मक बुँदाले सगरमाथा संवादलाई अझ प्रभावकारी, सहभागी र दिगो बनाउने दिशामा गम्भीर छलफल गर्न प्रेरित गर्छन् ।

सगरमाथा संवाद केवल नेपालका लागिमात्र नभई सम्पूर्ण विश्वका लागि पनि एक ऐतिहासिक अवसरका रूपमा उदाउँदै छ । जलवायु परिवर्तनको प्रभाव दिनप्रतिदिन गहिरिँदै गएको वर्तमान सन्दर्भमा, हिमाली क्षेत्रको संवेदनशीलता र त्यसको विश्वव्यापी प्रभावबारे गम्भीर बहस आवश्यक भइसकेको छ । यस्तो अवस्थामा नेपालले सगरमाथा संवादमार्फत हिमाली आवाजलाई विश्वव्यापी बहसको मूल धारमा ल्याउने प्रयास गरेको छ, जुन राष्ट्रिय गौरवको विषय मात्र नभई जलवायु नेतृत्वतर्फको ठोस कदम पनि हो ।

यो संवादले नेपाललाई वातावरणीय कूटनीतिमा सशक्त बनाउने सम्भावना राख्छ । विश्वकै सर्वोच्च शिखर सगरमाथाबाट जलवायु न्यायका पक्षमा आवाज उठाउनु प्रतीकात्मक मात्र नभई रणनीतिक हिसाबले पनि महत्त्वपूर्ण छ । यसले नेपाललाई ग्लोबल माउन्टेन लिडरसिपको केन्द्र बनाउने, हरित विकास तथा जलवायु वित्तमा अन्तर्राष्ट्रिय समुदायको ध्यान खिच्ने र दिगो विकासमा सशक्त भूमिका खेल्ने बाटो खोल्ने छ । तर, संवाद सफल बनाउनका लागि राजनीतिक इच्छाशक्ति, अन्तरसंस्थागत समन्वय, वैज्ञानिक प्रमाणमा आधारित बहस र सबै तहका जनताको समावेशी सहभागिता अत्यावश्यक छ । विशेषतः हिमाली समुदाय, महिला, युवा तथा जलवायु पीडितहरूको आवाज सुनिश्चित नगरिएसम्म संवाद अपुरो रहने छ । सगरमाथा संवाद केवल एउटा तीनदिने कार्यक्रममात्र नभई जलवायु न्याय र दिगो भविष्यतर्फको एक गम्भीर यात्रा बनोस् । यसले दीर्घकालीन असर पारोस्, व्यवहारमा परिणत होस् र नेपालले विश्वसामु जलवायुसम्बन्धी विषयमा नेतृत्वदायी राष्ट्रका रूपमा पहिचान स्थापित गर्न सकोस् । *रासस*



**ऐतिहासिक हिटी** | विदुर नगरपालिका–२ स्थित साततले दरबार क्षेत्रमा अवस्थित ऐतिहासिक हिटी (धारा) । उक्त धारा नेपाल एकीकरणको समयमा नुवाकोटमाथि विजयी (वि.सं. १८०१ असोज १५) पश्चात् पृथ्वीनारायण शाह र उनको सैनिक फौजले पानी खान बनाएका थिए । *तस्बिर: रामहरि न्यौपाने/रासस*

# खानेपानी सञ्चित गर्न टयांकी वितरण

**खोटाङ (प्रस)**– दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१३ नुनथलाका १०६ उपभोक्तालाई खानेपानी सञ्चित गर्न टयांकी प्रदान गरिएको छ । वर्षौंदेखि खानेपानीको समस्या खेप्दै आएका नुनथलावासीलाई पानी संकलन गर्न मझुवागढी-१३ ले निःशुल्क टयांकी वितरण गरेको हो ।

'नुनथलामा लामो समयदेखि खानेपानीको समस्या छ । नुनथलाका २४५ घर उपभोक्ताले २०४१ सालमा सञ्चालित लोचाखोला मुहानको खानेपानी योजनाबाट पानी उपभोग गरिरहेका छन्,' वडाध्यक्ष भगेश्वर राईले भने, 'पानीको स्रोत सानो भएकाले हरेक दिन १२ घण्टा जम्मा गरेर तीन घण्टा वितरण गर्ने गरिएको छ । अधिकांशको घरमा उक्त पानी संकलन गरेर राख्ने भाँडो छैन, धारामा आएको समयमा पानी थाप्न नपाउने घरपरिवारले उपभोग गर्न नपाउने भएपछि टयांकी वितरण गरिएको हो ।'

यसका लागि वडाले यस वर्ष १० लाख रूपैयाँ रकम विनियोजन गरेको थियो । लोचाखोला खानेपानी योजना मर्मतका लागि तत्कालीन १ नम्बर प्रदेश सरकारले २०७८ सालदेखि क्रमागत योजनाअन्तर्गत बजेट तथा सामग्री उपलब्ध गराउँदै आएको छ । यद्यपि, उक्त योजनामा कति खर्च भयो भन्ने वडा कार्यालयसँग यकीन विवरण छैन । मध्यपहाडी लोकमार्गअन्तर्गत दिक्तेल-हलेसी सडकखण्डमा पर्ने नुनथलाको अधिकांश क्षेत्रमा खानेपानीको समस्या छ । नुनथलाको खानेपानी समस्या समाधानका लागि मुहानको अभाव रहेको वडाध्यक्ष राईले जानकारी दिए ।

### जिरिखिम्तीका सडकपीडितको चेतावनी-

# माग सम्बोधन नभए सिंहदरबारसम्म जान तयार छौं

■ प्रभाव संवाददाता

**मोरङ-** पथरी शनिश्चरे नगरपालिका-१० जिरिखिम्तीका स्थानीय वासिन्दाले सडक बनेको आफ्नो नम्बरी जग्गाको मुआब्जा मागेको वर्षौं भइसक्दा पनि मुआब्जा पाएका छैनन् ।

पूर्व-पश्चिम महेन्द्र राजमार्गअन्तर्गतको यो खण्डको वयरवन-९ (थ) को ६४ नम्बर कित्तामा बाटो बनेको हो । वि.सं. १९७० सालमा नापी भएर जग्गा कित्ताकाट भएको हो । त्यसको ५३ वर्षपछिमात्रै सडक नापी भएको हो । आफ्नो नम्बरी जग्गामा मुख्य राजमार्ग बनेपछि उनीहरू मुआब्जा माग्दै धेरै वर्षदेखि संघर्ष गर्दै आएका छन् । अहिले आएर काकडभिट्टा-लौकही सडक आयोजना पश्चिम खण्ड इटहरी सुनसरीले सडक विस्तार गर्ने योजना बनाएपछि ४१ घरपरिवारको बिचल्ली हुने भएको छ । सडक बनाउने बेलामा नापी गर्दा १०० फुट चौडाको सडक बनाउने भनिए पनि सडकले अहिले १६५ फुट क्षेत्रफल ओगटेको छ ।

समस्या समाधानका लागि गठन गरिएको समन्वय समितिका संयोजक मदन पोखरेलले सडकले आफूहरूलाई त्यो बेलादेखिको नै मुआब्जा दिनुपर्ने बताए । 'अहिले सडक विस्तार गर्ने भनिएको छ त्यसो हुँदा हाम्रा सबै घर भत्किन्छन् र हाम्रो बिल्लीबाठ हुन्छ' पोखरेलले भने, 'हामीले पटक-पटक आन्दोलन गरेपछि अहिले तत्काल सडक विस्तार कार्य रोकिएको छ तर कुन दिन घर भत्किने हो टुंगो छेन ।'

पोखरेलले सडकले कि आफ्नो ठाउँमा सडक सार्नुपर्ने कि अहिले आफूहरू बसेको ठाउँको जग्गा आफ्नो नाममा पास गरिदिनुपर्ने बताएका छन् । अहिले उनीहरू बसोबास गर्दै आएको जग्गा सडकको नाममा र उनीहरूको नम्बरी जग्गाको धनीपुर्जा भए पनि त्यो जग्गामा सडक कुदेको छ । पोखरेलले आफ्नो नाममा जग्गा नभएकोले बैंकमा जग्गा राख्न पनि समस्या भएको बताए । 'बैंकमा जग्गा राखेर केही काम गरौं भन्दा पनि पाइएको छैन किनभने हामी बसेको जग्गा सडकको नाममा छ, हाम्रो जग्गामा सडक छ,' उनले भने, 'यो समस्या पुरानो हो त्यतिबेलादेखि नै हामी संघर्ष गर्दै आएका छौं तर पनि हाम्रो कुरा सुनुवाइ हुन सकेन ।'

उनले आफ्नो जग्गामा सडक भए पनि मालपोतमा आफ्नो नामको जग्गाको कर तिरिरहेको पनि जनाएका छन् । समस्या बढ्दै गएपछि धेरै पटक छलफल भएको पोखरेलले बताए । पोखरेलले स्थानीय तवरबाट समस्याको समाधान नभए सिंहदरबारसम्म गएर आफ्नो गुनासो राख्ने बताएका छन् । 'हाम्रा माग जायज भएकाले सिंहदरबारको ढोका ढक्ढक्याउन पनि पछि पर्ने छैनौं,' उनले भने । बिहीबार सांसदसहितको टोली लिएर सम्बन्धित निकायमा गएर छलफल गर्ने कार्यक्रम रहेको उनले जानकारी दिए ।

केही समयअघि भएको सार्वजनिक सुनुवाइमा पनि यो समस्या समाधान गर्ने सहमति भए पनि कार्यान्वयन नभएको उनको गुनासो छ । पीडितहरूले सडक रहेको आफ्नो जग्गाको सट्टा अहिले आफूहरू बसोबास गरेको ठाउँमा जग्गा सट्टापट्टा गरिदिन पनि सम्बन्धित निकायलाई आग्रह गर्दै आएका छन् । काकडभिट्टा-लौकही सडक आयोजना पश्चिम खण्ड इटहरी सुनसरीका आयोजना प्रमुख जगत प्रजापतिले समस्या समाधानका लागि धेरै पटक छलफल भएको बताए । 'धेरैअघिबाट यसबारे 'वर्कआउट' भएको छ, दक्षिणतिर सडक बिस्तार गर्दा अलिक सजिलो हुन्छ कि भन्ने लाग्छ,' आयोजना प्रमुख प्रजापतिले भने, 'दक्षिणतिर सडकको जग्गा भएकाले पनि त्यो विकल्प सहज हुन्छ भन्ने लाग्छ ।'

उनले स्थानीयको माग सम्बोधनका लागि विभिन्न ढंगले छलफल भइरहेको जानकारी दिए । उनले सडकको जग्गा एकातिर र सडक अर्कैतिर रहेको हुँदा समस्या भएको बताए । उनले १० मिटर चौडा बाटोलाई बढाएर २४ मिटर चौडाको बनाउने योजना अघि बढेको जनाएका छन् । 'सडक विस्तार हुँदा पुरानो समस्या समाधान गरेर जाउँ भन्ने उहाँहरूको माग पनि जायज नै हो,' प्रजापतिले भने ।

नगरपालिकाका प्रवक्ता नवीन कार्कीले समस्याको समाधान कसरी गर्न सकिन्छ भनेर पटक-पटक छलफल भएको बताए । 'सडक, ठेकेदार र पब्लिकसँग यसबारेमा विभिन्न चरणमा छलफल भएको छ, क्षति नहुनेगरी अघि बढ्नुपर्छ,' प्रवक्ता कार्कीले भने । वडाध्यक्ष जीवन खतिवडाले पनि प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहेको समितिले समस्या समाधानका लागि छलफल गरेको बताएका छन् । 'सिडिओ साहेबको अध्यक्षतामा भएको समितिले एक-दुईवटा छलफल गरिसकेको छ, समस्याको विषयमा सबै गम्भीर छौं,' उनले भने ।

मोरङका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले पनि यस विषयमा छलफल भइरहेको बताए । 'छलफल भइरहेको छ, समस्याको समाधान हुन्छ, समाधान निस्किँदैन भन्ने मलाई लाग्दैन,' प्रजिअ अधिकारीले भने ।




**सुरेश रजक**

जन्म : २०४८ श्रावण ४

स्वर्गारोहण : २०८१ चैत्र १५

**भावपूर्ण श्रद्धाञ्जली !**

सुरेश रजक एक कर्मठ इमान्दार एवं कर्तव्यनिष्ठ एभिन्युजकर्मी,
आफ्नो खबरकर्मको राष्ट्रिय दायित्व निर्वाह गर्दा गर्दै
अग्निदाहमा जलाएर भष्म बनाइयो ।
आज उनले देहत्याग गरेको १३ औं पुण्य तिथिमा
उनको आत्माको चीर शान्तिको कामना गर्दै,
हार्दिक श्रद्धासुमन अर्पित गर्दछौं ।

साथै स्व. सुरेश रजकको यो आहुतिले खबरकर्ममा
उनले देखाएको सत्मार्ग पहिल्याउदै
उनको हत्याको न्यायिक छानविन र दोषी माथि हदैसम्मको
कार्यवाहीको मागलाई फेरि एकपटक दोहोर्याउछौं ।
सुरेश रजकलाई निरपेक्ष शहिद घोषणा हाम्रो निशर्त माग हो ।
हामी उनको रहस्यमय मृत्युको सत्य तथ्य खोजी रहनेछौं ।
सुरेश रजक सधै अमर रहुन्...

**एभिन्यूज खबर टेलिभिजन परिवार**

# प्रभाव दैनिक


रूपशाला

## टिजरमा चलचित्र 'के घर के डेरा : घर नं २'

जेठ २ मा प्रदर्शन मिति तय भएको चललिचत्र 'के घर के डेरा : घर नं २'को टिजर हालै सार्वजनिक भएको छ । दीपेन्द्र के खनाल निर्देशित यस चलचित्रको टिजरमा मुख्य कलाकार खगेन्द्र लामिछानेलगायत कलाकारलाई समेटिएको छ । टिजरमा निम्न वर्गीय परिवारले भोग्ने समस्यालाई समेटिएको छ । पारिवारिक प्रेम, वियोग र त्यसले दिने मानसिक यातना टिजरमा समेटिएको छ ।





# 'अर्को एउटा द्रोणाचार्य'को अधिकांश शो हाउसफुल

■ प्रभाव संवाददाता



**काठमाडौं–** थापागाउँस्थित मण्डला थिएटरमा मञ्चन भइरहेको नाटक 'अर्को एउटा द्रोणाचार्य'ले दर्शकको राम्रो साथ पाइरहेको छ । नाटकको अधिकांश शो 'हाउसफुल' भइरहेको आयोजकले जानकारी दिएको छ ।

शक्ति, अधिकार र नैतिकताको त्रिकोणीय द्वन्द्वलाई केन्द्रमा राखेर चैत २१ गतेदेखि सुरू भएको यो नाटक यही वैशाख ७ गतेसम्म मञ्चन हुने भएको छ । मञ्चन अवधि छोटिन थालेपछि नाटक हेर्नेको भीड नै लाग्ने गरेको हो । यो नाटक सोमबारबाहेक हरेक दिन ५:१५ बजे प्रदर्शन भइरहेको छ । शनिबार दिउँसो १:१५ बजे अतिरिक्त शो पनि हुने गरेको छ ।

भारतीय लेखक डा. शंकर शेषको चर्चित नाटक 'एक और द्रोणाचार्य' मा आधारित र प्रेरित यो नाटकलाई सम्राट भुजेल र श्रीशेष श्रेष्ठले नेपाली भाषामा अनुवाद गरी लेखेका हुन् । समाजमा देखिएको नेतृत्वको नैतिक संकट र अधिकारको कुण्ठनलाई नाटकले गहिरो व्यंग्यात्मक शैलीमा प्रस्तुत गरेको छ ।

महाभारतको पृष्ठभूमिमा आधारित यो नाटकमा गुरु द्रोणाचार्यको जीवन, उनको निर्णय र शक्ति-कर्तव्य-नैतिकताको झमेलालाई आधुनिक सन्दर्भसँग गाँसेर देखाइएको छ । विशेषगरी जब द्रोणाचार्य धर्म पाण्डव पक्षमा देख्दादेख्दै पनि दायित्वका नाममा कौरव पक्ष रोज्छन्, त्यहीँबाट नाटकको कथावस्तु गहिरिँदै जान्छ ।

उमेश तामाङले निर्देशन गरेको उक्त नाटकमा उमेश सुनाम, कृतिका बस्नेत, सनम श्रेष्ठ, अर्जुन दुलाल, आभास भट्टराई, भुवन लोहार, रोशन अधिकारी, श्रीशेष श्रेष्ठ, सम्राट भुजेल, दीपेश गजुरेल, प्रेम सिलवाल, स्वर्णिम चाम्लिङलगायतका कलाकारहरूको जीवन्त अभिनय रहेको छ ।

'अर्को एउटा द्रोणाचार्य शक्ति, अधिकार र नैतिकताको गहिरो अन्वेषण हो, जुन महाभारतका प्रसिद्ध गुरु द्रोणाचार्यको पात्रलाई केन्द्रमा राखेर प्रस्तुत गरिएको छ,' निर्देशक तामाङले भने ।

यस नाटकले शक्ति र नेतृत्वको स्थानमा रहेका व्यक्तिहरूले भोग्ने नैतिक द्विविधाहरूको चित्रण गर्छ, जहाँ कर्तव्य, निष्ठा र व्यक्तिगत अन्तरआत्माबीचको सीमालाई प्रश्न गरिने निर्देशक तामाङको भनाइ छ ।

'नेपालको सन्दर्भमा हेर्दा, यो नाटक अत्यन्त सान्दर्भिक छ, किनभने देशले लामो समयदेखि राजनीतिक अस्थिरता, नेतृत्वको संकट, भ्रष्टाचार र सुशासन सम्बन्धी चुनौतीहरू झेल्दै आएको छ,' निर्देशक तामाङले भने, 'द्रोणाचार्यझैं, नेपाली नेताहरू पनि प्रायः समाजलाई असर गर्ने जटिल निर्णयहरूको सामना गरिरहेका हुन्छन् ।'

नाटकले नेताहरूको नैतिक जिम्मेवारी र तिनका कार्यहरूको परिणामबारे सोच्न बाध्य पार्ने माध्यमको रूपमा काम गर्छ, जसले नेपालको राजनीतिक तथा सामाजिक संघर्षमाथि सान्दर्भिक टिप्पणी प्रस्तुत गर्ने उनको भनाइ छ ।

'निर्देशकको रूपमा मेरो उद्देश्य दर्शकलाई आफ्नै जीवनमा शिक्षक र नेताहरूलाई कसरी हेर्छौं भन्नेबारे सोच्न लगाउनु हो,' उनले भने, 'चाहे त्यो विद्यालयको शिक्षक होस्, कुनै अफिसको बोस वा आमाबुबा नै किन नहोस् ।'

'जब कुनै जिम्मेवार व्यक्ति आफ्ना नियम, परम्परा वा कर्तव्यप्रति अत्याधिक केन्द्रित हुन्छन्, त्यसले तिनीहरूलाई आदर्श मान्नेहरूमा कस्तो प्रभाव पार्छ ?,' निर्देशक तामाङले थपे, 'म चाहन्छु कि मञ्च सादा तर प्रभावशाली देखियोस् । सेट अत्यधिक सजिएको हुने छैन, किनभने म चाहन्छु दर्शकको ध्यान पात्रहरू र तिनीहरूको संघर्षमा केन्द्रित होस् ।'

नाटकभरि प्रकाश परिवर्तन हुँदै जान्छ, जसले प्रोफेसर र विद्यार्थीहरूबीचको बदलिँदो मुड र द्वन्द्व देखाउँछ । कहिलेकाहीँ प्रकाश गहिरो र तनावपूर्ण हुन्छ, भने कहिलेकाहीँ उज्यालो, जसले समझदारी वा परिवर्तनका क्षणहरूको संकेत गर्छ ।

# कुमारीको 'दर्ज्यु संलाप' माथि पोखरामा चर्चा

**पोखरा (प्रस)–** साहित्यकार कुमारी लामाको निबन्ध संग्रह 'दर्ज्यु संलाप' माथि शनिबार पोखरामा चर्चा गरिएको छ । र्‍याण्डम रिडर्स सोसाइटीले आयोजना गरेको कार्यक्रममा कृतिमाथि परिचर्चा गर्दै साहित्यकार कुमार तामाङले दर्ज्यु संलापमा तामाङ समुदायमाथि सिंगै राज्यले गरेको विभेदको जवाफ खोजिएको बताए । प्रस्थान नामक उपन्यासका लेखकसमेत रहेका तामाङले दर्ज्यु संलापमा आख्यानात्मक निबन्धहरू समेटिएको धारणा राखे ।

'सामाजिक कुरीति, कुसंस्कार, विभेद, अन्यायप्रति सिर्जनशील विद्रोह बनेकी छन् निबन्धकार,' कुमारले भने, 'सभ्यता, धर्म, संस्कारको झेली खोलभित्र लुकाइएको असभ्य, अधार्मिक अनि कुसंस्कारी अभ्यासमाथि रचनात्मक विद्रोह पोखिएको छ कृतिभित्र ।' नेपाली समाजको जीवन्त प्रतिविम्बका रूपमा कृति आएको भन्दै उनले कृति पठनीय रहेको विचार राखे ।

सोसाइटीका अध्यक्ष रुपिन्द्र प्रभावीको अध्यक्षतामा भएको कार्यक्रममा निबन्धकार कुमारी लामाले खासगरी तामाङ समुदायका विश्वासहरूलाई समेटेर निबन्ध लेखेको बताइन् । समावेशी समाजको आवाजलाई मुखरित गर्ने प्रयास गरेको बताउँदै लामाले आदिवासी सौन्दर्य चेतनाका साथै पृथ्वीमा भएका सम्पूर्ण अस्तित्वलाई सम्बोधन गर्नुपर्ने धारणा निबन्धमार्फत प्रस्तुत गरेको भनाइ राखिन् । रैथाने संस्कार र पर्यावरणमैत्री विकास हुनुपर्ने बताइन् । विकासका नाममा भएका मानव सभ्यतामाथिको अत्याचारलाई लेखकहरूले ध्यान दिनुपर्ने उनको विचार थियो ।





कोही मातृभाषीले नेपाली भाषा शुद्ध प्रयोग गर्दा ट्रोलको सिकार बन्नुपर्ने र कोही नेपाली भाषा शुद्ध प्रयोग गर्न नसक्दा ट्रोलमा पर्नुपर्ने अवस्था आएको अनुभवसमेत सुनाइन् । यसअघि 'उज्यालो अन्धकार' निबन्ध संग्रह ल्याइसकेकी लामाको 'दर्ज्यु संलाप' दोस्रो निबन्ध संग्रह हो । दर्ज्यु संलापमा समाज संवार्ता, सैलानी समय र दृश्य अदृश्य गरी तीन खण्डमा १७ वटा निबन्ध समेटिएका छन् ।

कार्यक्रममा गौरी तमू, सुरज पौडेल, दीपक पराजुली, प्रवीण बडगामीलगायतले टिप्पणी गरेका थिए । सोसाइटीले हरेक महिनाको अन्तिम शनिबार कुनै कृति वा विषयमाथि बहस गर्दै आएको छ ।

# युवा साहित्य सम्मेलनका उत्कृष्टलाई सम्मान

**काठमाडौं (प्रस)–** राजधानीमा सम्पन्न युवा साहित्य सम्मेलनमा विभिन्न विधामा उत्कृष्ट युवाहरू पुरस्कृत भएका छन् । वक्तृत्वकला प्रतियोगितामा भक्तपुर मल्टिपल क्याम्पसकी विनिता विनिता तामाङ प्रथम भइन् । काभ्रे स्थायी घर भएकी उनले एक लाख रूपैयाँ पुरस्कार हात पारिन् ।

यस्तै दिग्विजय लामिछाने दोस्रो र इशा थापाले तेस्रो पुरस्कार हात पारेका छन् । लामिछानेले ५० हजार र थापाले ३० हजार रूपैयाँ पुरस्कार पाए ।

निबन्ध प्रतियोगितामा मनोज बुढाले प्रथम स्थान हासिल गरेर ५० हजार रूपैयाँ हात पारेका छन् । यस्तै दोस्रो स्थान हासिल गरेकी ज्योती घिमिरेले ३० हजार र देबु गिरीले तेस्रो स्थान हासिल गरेर २० हजार रूपैयाँ प्राप्त गरेका छन् ।

जीवन आरोही राईले कविता प्रतियोगितामा प्रथम स्थान हासिल गरेर ५० हजार रूपैयाँ हात पारेका छन् भने रविना कँडेल दोस्रो र सन्तोष पौडेलले तेस्रो स्थान हात पारेका छन् । कँडेलले ३० हजार र पौडेलले २० हजार रूपैयाँ प्राप्त गरेका छन् । यसैगरी गजल प्रतियोगितामा प्रथम स्थान हासिल गरेर दैलेखका दीपिन सिजापतिले ५० हजार रूपैयाँ पाए । दोस्रो पुरस्कारबापत अंकित आचार्यले ३० हजार र तेस्रो पुरस्कारबापत खिमानन्द जोशीले २० हजार रूपैयाँ हात पारे ।

राष्ट्रिय युवा संघ नेपालको शिक्षा विभागद्वारा आयोजित युवा साहित्य सम्मेलनका संयोजक रहेका कुवेर अधिकारीले अबदेखि हरेक वर्ष यस कार्यक्रमलाई निरन्तरता दिने बताए । संघको शिक्षा विभाग प्रमुखसमेत रहेका अधिकारीले हरेक प्रदेशहरूमा पनि सम्मेलन आयोजना गर्ने जानकारी दिए ।

रंगशाला

## चारदेशीय टी-२० आई शृंखला

# नेपाललाई तीन रनको हराउँदै कुवेतले जित्यो उपाधि



■ प्रभाव संवाददाता

**काठमाडौं–** हङकङमा सम्पन्न चारदेशीय टी-२० आई शृंखलाको उपाधि कुवेतले हात पारेको छ । आइतबार भएको फाइनलमा नेपाललाई तीन रनले हराउँदै कुवेतले उपाधि हात पारेको हो ।

कुवेतले दिएको १७५ रनको लक्ष्य पछ्याएको नेपाल १९.३ ओभरमा सबै विकेट गुमाउँदै १७१ रनमा सीमित बन्यो । नेपालका लागि बसिर अहमदले ४३ बलमा आठ चौका र चार छक्का प्रहार गर्दै ८० रन बनाए । यस्तै, नन्दन यादवले ३७ र आसिफ शेखले २१ रन भने अन्य कुनै पनि खेलाडीले दोहोरो अंकको रन जोड्न सकेनन् ।

कुवेतका लागि अनुदीप चेन्थमाराले सर्वाधिक तीन विकेट लिए । यस्तै, यासिन पटेल र नवीनराज राजेन्द्रनले समान दुई/दुई विकेट हात पार्दा मोहम्मद शफीक र मोहम्मद असलमले पनि समान एक/एक विकेट लिए । हङकङको टिन क्वाङ रोड रिक्रिएसन मैदानमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको कुवेतले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १७४ रन बनाएको थियो । कुवेतका लागि रविजा सन्दारुवानले अर्धशतकीय पारि खेले । उनले ३६ बलमा छ चौका र चार छक्काको मद्धतले सर्वाधिक ६३ रन बनाए । यस्तै, क्लिन्टो एन्टोले २६, उस्मान पटेलले २३, मीट भावसारले १६ र मोहम्मद असलमले १३ रन बनाए । अन्य कुनै खेलाडीले दोहोरो अंकको रन जोड्न सकेनन् ।

नेपालका लागि सोमपाल कामी र नन्दन यादवले समान दुई/दुई विकेट लिँदा करण केसी र कुशल भुर्तेलले एक/एक विकेट हात पारेका थिए ।


**युएइमा रोजगार** — कम्पनी : MAZRUI & HAWI PAINTING COMPANY - W L L

पूर्व स्वीकृति मिति : २०८१/१०/08 | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/३१ | LT. No. 317281 | चलानी नं. ६०२३१४८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SCAFFOLDERS | 32 | 0 | 1200 | ४५.१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | SPRAY PAINTER | 40 | 0 | 1200 | ४५.१५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ८ गते (21st Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

MINAWA RECRUITMENT H.R. PVT LTD
Govt.Lic. No- 1168/073/074
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



**कतारमा रोजगार** — कम्पनी : AL ZAYED LLMQAWLAT WLL

पूर्व स्वीकृति मिति : २०८१/०५/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/३१ | LT. No. 310649 | चलानी नं. ६०२२५१९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accounts Executive | 1 | 0 | 3600 | १३६.२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1100 | ४१.६२५ | | | | | | | |
| 3 | Electric | 2 | 0 | 1100 | ४१.६२५ | | | | | | | |
| 4 | Foreman | 1 | 0 | 2500 | ९४.६०५ | | | | | | | |
| 5 | Labour | 4 | 0 | 1000 | ३७.८४० | | | | | | | |
| 6 | Purchasing Representative | 1 | 0 | 2200 | ८३.२५० | | | | | | | |
| 7 | Receptionist | 0 | 0 | 1100 | ४१.६२५ | | | | | | | |
| 8 | Supervisor | 1 | 0 | 3000 | ११३.५२५ | | | | | | | |
| 9 | Technician | 1 | 0 | 1100 | ४१.६२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ८ गते (21st Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Greenland Services Pvt. Ltd. "A Complete Ethical Recruitment Agency"
Basundhara,Kathmandu, Nepal, Tel: +977 1 5916353, Email: greenlandnepal@gmail.com, Website: www.greenlandnepal.com



**युएइमा रोजगार** — कम्पनी : EXPLORER FOR EMPLOYMENT SERVICES - LLC

पूर्व स्वीकृति मिति : २०८१/१२/१३ | LT. No. 321172 | चलानी नं. ६०२३६०७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 50 | 0 | 1200 | ४५.०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter Asst. | 50 | 0 | 1000 | ३७.५१० | | | | | | | |
| 3 | Concrete Masons | 50 | 0 | 1300 | ४८.७६० | | | | | | | |
| 4 | Stone Mason | 50 | 0 | 1200 | ४५.०१० | | | | | | | |

कम्पनी : EXPLORER FOR EMPLOYMENT SERVICES - LLC

पूर्व स्वीकृति मिति : २०८१/१२/३१ | LT. No. 321173 | चलानी नं. ६०२३६०७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 50 | 0 | 1200 | ४५.०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter Asst. | 50 | 0 | 1000 | ३७.५१० | | | | | | | |
| 3 | Reinforce Fitter Assistant | 50 | 0 | 1000 | ३७.५१० | | | | | | | |
| 4 | Stone Mason | 50 | 0 | 1200 | ४५.०१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ८ गते (21st Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

MOBHIRA H.R. SERVICE PVT. LTD.
श्रम इजाजत नं. १००१/०६८/६९
Gaushala, Bijayachowk, Kathmandu BAGMATI, Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com



**कतारमा रोजगार** — कम्पनी : Monastic Cleaning & Contracting Wll

पूर्व स्वीकृति मिति : २०८०/१२/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/३१ | LT. No. 301901 | चलानी नं. ६०२१६८५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 22 | 1000 | ३७.८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Receptionist | 0 | 1 | 1500 | ५६.७६० | | | | | | | |
| 3 | Supervisior | 0 | 2 | 2500 | ९४.६०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ८ गते (21st Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

JALAJALA RECRUITMENT PVT.LTD
श्रम इजाजत नं. १२२४/०७४/०७५
